का.जि.प्र.का.द.नं. १००/०५९/६०
२० फागुन २०७८,
शुक्रबार
4 March 2022,
Friday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक २७ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

# गठबन्धन जोगाउन जोड



एमसीसीकै कारण राष्ट्रिय जनमोर्चा सत्ताबाट बाहिरिए पनि बाँकी दलहरुको गठबन्धन जोगाउने कसरतमा प्रधानमन्त्री शेरबहादुर देउवा लागिपरेका छन् । आफू प्रधानमन्त्री बन्ने परिस्थितिका सहयोगी बनेको गठबन्धन भत्किए फेरि कम्युनिष्ट एक हुने डरले पनि देउवा गठबन्धनको पक्षमा लचक देखिएका छन् ।



**■ शेरबहादुर देउवा**
पहिलो दल बनाउनुपर्ने दवाब । गठबन्धन भत्किए कम्युनिष्ट मिल्ने डर ।



**■ पुष्पकमल दाहाल प्रचण्ड**
२०७४ को जनमत जोगाउनुपर्ने दबावमा । गठबन्धन नरहे एमाले फेरि ठूलो दल बन्नसक्ने अनुमान ।



**■ माधव नेपाल**
२०५६ मा मालेको हबिगत हुने भय । पहिलो चुनाव गठबन्धनको जगमा उभिने प्रयत्न ।



**■ उपेन्द्र यादवः**
लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) भन्दा ठूलो बन्नुपर्ने दबाव । गठबन्धन भए कम्तिमा अहिलेको हैसियत बन्ने अनुमान ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १९ फागुन ।

प्रधानमन्त्री एवम् नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवाले बिहीबार सत्ता गठबन्धनको बैठक बालुवाटारमा राखेका छन् । स्थानीय चुनावको अभियान एकदिन अगाडि स्थगित गरेका प्रधानमन्त्री देउवाले सत्ता गठबन्धनको बैठक बिहीबार बालुवाटारमा राखेका हुन् । बैठकमा आगामी चुनावमा गठबन्धन गर्नेबारे छलफल शुरु भएको सरकारका प्रवक्ता एवम सूचना तथा सञ्चार मन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले बताए ।

"राजनीतिक स्थायित्वका लागि गठबन्धनको आवश्यकता छ । गठबन्धन अघि बढ्छ", मन्त्री कार्कीले बैठक पछि भने । विशेष परिस्थितिमा गठबन्धन बनेकाले पनि त्यसैअनुसार अगाडि बढ्ने निष्कर्ष निकालेको उनले बताए । बैठकमा प्रधानमन्त्री देउवाले आ-आफ्नो दलमा बैठक सकारात्मक बातावरण बनाउनुपर्ने प्रस्ताव समेत गरेका छन् ।

कार्कीले गठबन्धन जोगाएर अगाडि बढ्नकै लागि यस्तो निर्णय गरिएको बताए । आगामी चुनावमा गठबन्धन गर्ने वा नगर्ने भन्ने मतभेद काँग्रेसमै देखिएको छ । डा.शेखर कोइराला पक्षका नेताहरुले गठबन्धन गरेर चुनावमा जान नहुने सार्वजनिक अभिव्ययक्ति दिदै आएका छन् । देउवा निकट नेताहरुले पनि गठबन्धन नभएर काँग्रेस एक्लै चुनावमा जानुपर्ने दबाव दिएका छन् ।

तर प्रधानमन्त्री देउवाले भने गठबन्धन जोगाएरै जाने संकेत दिएका छन् । गठबन्धनकै सरकारको नेतृत्व गर्ने अवसर मिलेकाले पनि देउवा गठबन्धनको पक्षमा छन् । नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, जनता समाजवादी पार्टी, लोकतान्त्रिक समाजवादी पार्टीकै समर्थनका कारण देउवा प्रधानमन्त्री छन् । नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले दोस्रोपटक प्रतिनिधिसभा विघटनको निर्णय गरेपछि प्रतिनिधिसभामा ६१ सांसद रहेको काँग्रेसका सभापति देउवा प्रधानमन्त्री छन् । सातै प्रदेशमा काँग्रेस सहभागी छ । गण्डकी र कर्णाली प्रदेश सरकारको नेतृत्व काँग्रेसले गरिरहेको छ ।

तिनै गुण तिर्न देउवा गठबन्धनका पक्षमा देखिएका छन् । अर्कातिर गठबन्धन भत्किए कम्युनिष्टहरु मिल्ने भयले पनि देउवा जोखिम लिन तयार देखिएका छैनन् । बरु प्रधानमन्त्री देउवाले गठबन्धन जोगाउन अनेक सम्झौता गर्दै आएका छन् । राजनीतिक आरोप खेपेरै माधव नेपाल र महन्थ ठाकुर नेतृत्वको दललाई वैधानिकता दिन अध्यादेश ल्याएका थिए ।

– बाँकी पृष्ठ २ मा

## विकल्प खोज्दै नारायणकाजी



**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, १९ फागुन ।

मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसीसी) आफ्नो असहमतिबीच अनुमोदन गरिएपछि नेकपा माओवादी केन्द्रका नेता नारायणकाजी श्रेष्ठ विकल्पमा जुटेका छन् । पार्टीभित्रै असहमति भपनि एमसीसी अनुमोदन भएकोमा रुष्ट श्रेष्ठ नयाँ विकल्पको खोजीमा लागेका हुन् । नेत्रविक्रम चन्द विप्लव, मोहन वैद्य, भीम रावल लगायत एमसीसीको विपक्षमा उभिएका नेताहरुसँगको संवाद पनि श्रेष्ठले विकल्पकै रुपमा थालेका छन् ।

यद्यपि सामाजिक सञ्जालमा भने श्रेष्ठले बाहिर सार्वजनिक भएजस्तो भ्रम पार्टीभित्र नरहेको बताएका छन् । "हाम्रो पार्टी भित्र देखिएको मतभेद र अन्तर्बिरोध लाई लिएर बिभिन्न सञ्चार माध्यम मार्फत् बिभिन्न ढंगले प्रचार भइरहेको सम्बन्धमा बिषयलाई अतिरञ्जित ढङगले नबुझ्न सबैसंग अनुरोध गर्दछु" श्रेष्ठले लेखेका छन्, "अध्यक्ष क.प्रचण्ड र मेरो बीचमा छलफल जारी छ र अन्य नेतृत्वदायी कमरेडहरुसँग पनि छलफल भइरहेको छ ।" पार्टीभित्र देखिएको मतभेदबारे गहन छलफल भइरहेको हुँदा बाहिरको हल्लाका भरमा नपर्न पनि अपील गरेका छन् ।

तर, उनकै पार्टीका अर्का नेता मातृका यादव भने एमसीसी ब्याख्यात्मक टिप्पणीसहित पारित भएको हुँदा विवाद गर्नु आवश्यक नरहेको बताउँछन् । नेता श्रेष्ठको असन्तुष्टि पार्टीभित्रको बार्गेनिङ्ग मात्रै भएको उनको भनाई छ ।

"नारायणकाजीले बार्गेनिङ गरेपनि पार्टी विभाजन हुँदैन, एमसीसी ब्याख्यात्मक

– बाँकी पृष्ठ २ मा

# १५ दिनभित्रै पाँचौं पटक मूल्य बृद्धि

अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्यमा भारी बढोतरी भएको भन्दै निगमले १५ दिनको फरकमा पाँचौ पटक इन्धनको मूल्य बढाएको छ ।

**मुकन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १९ फागुन ।

नेपाल आयल निगमले बितेको १५ दिनभित्र पाँचौं पटक इन्धनको मूल्य बृद्धि गरेको छ । अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्यमा भारी बढोत्तरी भएको भन्दै निगमले मूल्यबृद्धि गरेको छ । पेट्रोलियम पदार्थको स्वचालित मूल्य प्रणाली कार्यान्वयन कार्यविधि-२०७१ अनुसार मूल्य समाजयोजन गरिएको दावी गरेको निगमले नयाँ बिक्रीदरमा भारी बृद्धि गरेको छ। नयाँ बिक्री मूल्य पेट्रोल प्रतिलिटर १५० पुगेको छ । यसअघि पेट्रोलको मूल्य प्रतिलिटर १४५ थियो ।

नयाँ मूल्य दरअनुसार, डिजेल प्रतिलिटर १३३ रुपैयाँ, मट्टितेल प्रतिलिटर १३३ रुपैयाँ र हवाइ इन्धन प्रतिलिटर १३६ रुपैयाँ कायम भएको छ । निगमले दुई दिनको फरकमा इन्धनको मूल्य भारी बृद्धि गरेको हो ।

१७ फागुनमा मात्रै निगमले इन्धनको मूल्य बृद्धि गरेको थियो । त्यसदिन निगमले पेट्रोल प्रतिलिटर १४५ रुपैयाँ, डिजेल प्रतिलिटर १२८ रुपैयाँ, मट्टितेल प्रतिलिटर १२८ रुपैयाँ र हवाइ इन्धन प्रतिलिटर १२६ रुपैयाँ तोकेको थियो । तर दुई दिन नबित्दै नयाँ मूल्य दर तोकिएको छ ।

निगमले फागुन दोस्रो हप्ता बित्दै गर्दा पाँचौ पटक मूल्य बृद्धि गरेको हो । अन्तर्राष्ट्रिय बजारमा बढेको मूल्य अनुसार समायोजन गर्न भन्दै निगमले फागुन ४, ७ र ८ गते चार दिनको फरकमा मूल्य बृद्धि गरेको थियो ।

फागुन ४ गते नियमले पेट्रोलको मूल्य प्रतिलिटर १४२ रुपैयाँ तोकेको थियो । डिजेल प्रतिलिटर १२५ रुपैयाँ, मट्टितेल प्रतिलिटर १२५

– बाँकी पृष्ठ २ मा

# नरोकिएको एमाले आक्रोश

**मध्यान्ह संवाददाता**
काठमाडौं, १९ फागुन ।



लगातार एकपछि अर्को असफलता खेपिरहेको नेकपा एमालेका नेताहरुको आक्रोश अझै उस्तै देखिन्छ । तर राष्ट्रिय राजनीतिमा भने एमाले थप एक्लिदै जाने परिस्थिति बन्दै गएको छ । किनकि बिहीबार मात्रै आगामी चुनावमा गठबन्धन गर्न प्रधानमन्त्री देउवाले बालुवाटारमा छलफल चलाए ।

एमसीसी अनुमोदन गर्नु अगाडि एकपटक भने प्रधानमन्त्री देउवाले एमालेसँग सहकार्यको प्रस्ताव गरेका थिए । सत्ता गठबन्धनमा एमसीसी अनुमोदनका निम्ति साथ दिन र अगाडि समेत सहकार्य गर्ने प्रस्ताव गरेका छन् । तर सत्ता गठबन्धन भत्काउने सर्तमा मात्रै एमालेले एमसीसीमा साथ दिने तर्क राख्यो । यसपछि प्रधानमन्त्री देउवा गठबन्धनलाई जोगाएर एमसीसी अनुमोदनको विकल्पमा अगाडि बढे ।

एमसीसी अनुमोदन पनि भयो । तर फेरि पनि एमाले नेताहरुको आक्रोश भने उस्तै छ । सत्ता गठबन्धन चुनावसम्म नजाने देखि आगामी चुनावमा एमाले पहिलो शक्ति बन्ने दावी दिइरहेकै छन् । बिहीबार मात्रै उपमहासचिव एवं प्रचार विभाग प्रमुख पृथ्वीसुब्बा गुरुङले वर्तमान गठबन्धन लामो समय नटिक्ने बताए ।

प्रेस चौतारी नेपाल गण्डकी प्रथम अधिवेशन पोखरामा उद्घाटन गर्दै गुरुङले गठबन्धन कमजोर

– बाँकी पृष्ठ २ मा

# माल्दिभ्सले नेपाली डाक्टर र नर्स लैजाने

**मध्यान्ह संवाददाता**
काठमाडौं, १९ फागुन



## वैदेशिक रोजगार विशेष

माल्दिभ्सले नेपाली डाक्टर तथा नर्सहरुलाई रोजगारी उपलब्ध गराउने भएको छ। श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठ (किसान)सँग नेपालका लागि माल्दिभ्सका नवनियुक्त राजदूत डा. हसन नियाजले बिहीबार शिष्टाचार भेट गर्दै उक्त जानकारी दिएका हुन् ।

ललितपुरस्थित निवासमा भएको भेटवार्तामा नेपाल-माल्दिभ्स श्रम समझदारीको तयारीका साथै दुई देशबीचको आपसी सम्बन्ध र दुईपक्षीय चासोबारे छलफल भएको मन्त्री श्रेष्ठको निजी सचिवालयले जनाएको छ । सचिवालयका अनुसार भेटवार्तामा मन्त्री श्रेष्ठले नेपाली डाक्टर तथा नर्सहरुलाई माल्दिभ्समा रोजगारी उपलब्ध गराउन माल्दिभ्स सरकारबाट प्राप्त अनुरोधलाई नेपाल सरकारले सकारात्मक रुपमा लिएको बताए। पछिल्लो समय माल्दिभ्समा रोजगारीका लागि जाने नेपालीको संख्या बढ्दै गएको छ । माल्दिभ्समा ५ हजार भन्दा धेरै नेपाली श्रमिक कार्यरत छन् । मन्त्री श्रेष्ठले मेडिकल क्षेत्र बाहेक पर्यटन, निर्माणलगायत क्षेत्रमा पनि नेपाली श्रमिकलाई हुन सक्ने रोजगारीको अवसरबारे चासो राखेका थिए । नेपाली डाक्टर तथा नर्सहरुलाई माल्दिभ्सको सरकारी अस्पतालहरुमा रोजगारी उपलब्ध गराउन नेपाल-माल्दिभ्स श्रम समझदारीपत्रको मस्यौदालाई अन्तिम रुप दिने तयारी भइरहेको समेत निजी सचिवालयले जनाएको छ । अहिले माल्दिभ्सका विभिन्न स्वास्थ्य संस्थामा २ सय भन्दा धेरै नेपाली डाक्टर तथा नर्सहरु कार्यरत छन् ।

उनीहरुले माल्दिभियन मुद्रामा आफ्नो पारिश्रमिक प्राप्त गर्ने र स्थानीय बैंकहरुले मुद्रा विनिमयको सुविधा नदिँदा अनौपचारिक बजारमा महँगो दरमा अमेरिकी डलर किन्नुपर्ने बाध्यता रहेको बताउँदै मन्त्री श्रेष्ठले माल्दिभियन बैंकहरुमार्फत डलर विनिमयको सुविधा दिन आग्रह समेत गरेका छन् ।

मन्त्री श्रेष्ठले नेपालमा चिकित्सा अध्ययनका लागि माल्दिभ्सका विद्यार्थीहरुलाई अवसर दिन यसअघि भएको शैक्षिक सहयोग सम्बन्धी सम्झौता नवीकरण गर्न नेपाल सरकार सकारात्मक रहेको बताए ।

कोरोना भाइरस महामारीमा माल्दिभ्स सरकारले २ लाख डोज खोप उपलब्ध गराएकोमा पनि मन्त्री श्रेष्ठले माल्दिभ्स सरकारलाई धन्यवाद दिए। सन् १९८० मा कूटनीतिक सम्बन्ध स्थापना भएदेखि नेपाल-माल्दिभ्सबीच घनिष्ट सम्बन्ध रहेको छ । मन्त्री श्रेष्ठले दुवै देश सार्कका सक्रिय सदस्य राष्ट्र रहेको बताउँदै नवनियुक्त राजदूत नियाजको कार्यकालमा द्विपक्षीय सम्बन्ध अभिवृद्धि हुने विश्वास व्यक्त गरे ।

त्यस अवसरमा राजदूत नियाजले माल्दिभ्समा रहेका नेपाली श्रमिकको समस्या समाधानका लागि पहल गर्ने बताएको पनि मन्त्री श्रेष्ठको निजी सचिवालयले जानकारी दिएको छ ।

KUWAIT मा रोजगारको अवसर | कम्पनी: BON SWEETS AND PASTRIES शहर: MUBARAK

पूर्व स्वीकृत मितिः २०७८/०९/०८ चलानी नं.: ६०१७११०० L.T. No.: 254551 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Sales Lady | 0 | 30 | स. काममा दक्ष | 135 | ५३,८०९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ फागुन २९ गते (13 March 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Gov. lic. No. 789/065/66

Destiny Human Resource Nepal Pvt. Ltd.
G.P.O. Box: 8975 EPC 5444, Tinkune, Kathmandu, Nepal
Tel.: 01-5104632, 01-5104634, E-mail: destinykuwait3@gmail.com
Mobile: 9847932530, 9869556151, 9869691330, 9808117170, 9840973280

# रोकिएन बालबिवाह



**जनकपुर/मस–** नेपालको कानूनी व्यवस्थाबारे थाहा नहुँदा बालबिवाह अझै रोकिएको छैन । कानूनमा २० वर्ष उमेर नपुगी विवाह गर्न नपाइने व्यवस्था रहे पनि धनुषालगायतका जिल्लाहरुमा अझै बालविवाह रोकिएको छैन ।

केटा र केटीको उमेर २० वर्ष नपुगी विवाह गर्नु हुन्न, त्यस्तो विवाह कानूनीरुपमा स्वतःबदर हुन्छ र दण्डितसमेत हुने कुरा अधिकांशलाई थाहा नहुँदा सानै उमेरमा विवाह गराई दिनेक्रम बढेको हो ।

बालविवाह गर्नेक्रम बढेपछि धनुषा प्रहरीले बालविवाह रोक्न विशेष अभियान चलाएको छ । अभियानअन्तर्गत विगत डेढ महिनाको अवधिमा धनुषामा नौ वटा बालविवाह रोकिएको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रहरी नायब उपरीक्षक जीतेन्द्रकुमार बस्नेतले जानकारी दिए ।

कोही जानीजानी वा कोही नजानी छोराछोरीको विवाह गराउने प्रवृत्ति ह्वातै बढेपछि बालविवाह रोक्नका लागि अभियान नै चलाइएको प्रहरी नायब उपरीक्षक बस्नेतले बताए । अभिभावलाई बालविवाह कानूनीरुपमा अपराध भएको र बालविवाह गराए कानूनी कारवाही हुनेबारेमा जनचेतनामूलक कार्यक्रमसँगै बालविवाह रोक्ने अभियान चलाउँदै आएको उनको भनाइ छ । गत माघ महिनायता जिल्लाभरि नौ वटा बालविवाह रोकाइएको उनले बताए ।

कानूनी कुराको ज्ञान नभएकाले ठूलो रकम खर्चिएर विवाहको तयारी गर्ने अन्तिममा जन्ती आउने बेलामा विवाह रोकिइदिएपछि अभिभावक अप्ठ्यारोमा पर्ने गरेका छन् । आफूहरुलाई छोरीको विवाह गर्न २० वर्ष पुग्नैपर्छ भन्ने विषयमा जानकारी नभएकाले सानै उमेरमा छोरीको विवाह गराउन लागेको बालविवाह रोकिएका अधिकांश अभिभावकको भनाइ छ ।

कतिपय अभिभावकमा बालविवाह कानूनी अपराध हो, बालविवाह गरिए कानूनी दण्ड र सजाय भोग्नुपर्छ भन्ने कुराको ज्ञान नभएकाले छोराछोरीको उमेर नपुग्नै विवाह गराइरहेका छन् भने कतिपयले कानूनी कुरा बुझेर पनि दाइजोको लोभ, राम्रो केटा र घर पाएपछि विवाह गरिहालौं भन्ने गलत सोचका कारण बालविवाह गराइरहेको बुद्धिजीवीको भनाइ छ ।

नेपालको कानूनले २० वर्षभन्दा कम उमेरमा विवाह गर्न बन्देज गरेको भए पनि अझै बालविवाह हुँदै आएको छ । दलित अगुवा सिजेन्द्र सदाले भने 'उमेर पुगेपछि छोरीलाई भने जस्तो केटा नपाइने, केटा पाइहाले पनि धेरै दाइजो दिनुपर्ने त्रासका कारण सानै उमेरमा विवाह गर्ने प्रवृत्ति मौलाएको छ ।'

मुलुकी अपराध संहिता-२०७४ को परिच्छेद ११ को दफा १७३ को १, २ र ३ मा बालविवाह गर्नु/गराउनु हुँदैन, गराएमा त्यस्तो विवाह स्वतःबदर हुने र बालविवाहको कसुर गर्ने गराउने व्यक्तिलाई तीन वर्षसम्म कैद र रु ३० हजारसम्म जरिवाना हुनसक्ने व्यवस्था रहेको छ ।

# निष्पक्ष र धौधलीरहित निर्वाचन गर्ने दायित्व सरकारको हो : नेता सिंह




**काभ्रेपलाञ्चोक/मस–** नेपाली कांग्रेसका नेता प्रकाशमान सिंहले निष्पक्ष र धाँधलीरहित निर्वाचन गर्ने दायित्व सरकारको रहेको बताएको छ ।

उनले निर्वाचनको मिति तोकिसकेका कारण निष्पक्ष र धाँधलीरहित ढंगले निर्वाचन सम्पन्न गर्ने दायित्व सरकारको भएको भन्दै कांग्रेस नेतृत्वको सरकारले यो कार्य सफलतापूर्वक गर्नेमा आफू विश्वस्त रहेको बताए ।

काभ्रेपलाञ्चोकको धुलिखेलमा बिहीबार आयोजना गरेको नेपाली कांग्रेस काठमाडौं जिल्ला कार्यसमितिको ५० औं बैठकमा उनले अरु पार्टीमा जस्तो कांग्रेसभित्र कसैको फरक मत नरहेको जनाएको छ ।

आम नेपाली जनताको चाहनाअनुसार सबै दलले राष्ट्र र जनतालाई केन्द्रमा राखेर राष्ट्र र जनताको हित हुनेगरी राष्ट्रिय सहमतिको वातावरण बनाएर अगाडि बढ्नुको विकल्प नभएको उनले बताए । नेपाली कांग्रेसले सहमतिमा नै संविधान जारी गरेजस्तै एमसिसीमा पनि विमती हुँदाहुँदै पनि सबैको सहमतिमा संसदबाट अनुमोदन गरेको बताए ।

नेता सिंहले विपक्षी दल नेकपा (एमाले)ले पनि समझदारीका आधारमा जिम्मेवार राजनीति गर्नुपर्ने उल्लेख गरे । नेता सिंहले राष्ट्रलाई हित हुने खालका काममा दाता राष्ट्रसँग अनुदान लिएर राष्ट्रिय सहमतिमा नै विकास निर्माणका काममा ध्यान दिनुपर्ने धारणा व्यक्त गरे ।

काठमाडौं जिल्ला सभापति कृष्ण बानियाँको सभापतित्वमा भइरहेको जिल्ला कार्यसमिति बैठकमा नेपाली कांग्रेस बागमती प्रदेश समितिका महामन्त्री कञ्चनचन्द्र बादेलगायतका नेताको उपस्थिति रहेको थियो ।

# घरघरमा धारा पुगेपछि स्थानीयवासीमा खुसी



**चितवन/मस–** चितवन इच्छाकामना गाउँपालिका-६ ढुंग्रेका बासिन्दाका घरघरमा धारा पुगेपछि खुसी भएका छन् । पुस्तौँदेखि खानेपानी जोहो गर्न घण्टौं टाढा पुग्नुपर्ने सो गाउँका स्थानीय बासिन्दा घरघरमा धारा पुगेपछि खुसी भएका हुन् ।

ढुंग्रे गाउँ र आसपासका गाउँका बासिन्दाले पुस्तौँदेखि खानीपानीको समस्या झेल्दै आएका थिए । श्री माध्यामिक विद्यालय ढुंग्रेका प्रधानाध्यापकसमेत रहेका स्थानीय विश्वनाथ गुरुङले पुस्तौँदेखि खानेपानीको समस्या समाधान भएकोमा स्थानीय सरकारलाई धन्यावाद दिए ।

पुस्तौँदेखी घण्टौं लगाएर कुवाबाट पानी भरेर उपभोग गरिरहेको बासिन्दाले स्थानीय सरकार आएसगैं घरघरमा धारा आउँदा आफुहरु खुसी भएको बताए । उनका अनुसार यसअघि यहाँ प्रत्येक घरका एक जनाको काम नै दिनभर पानी जोहो गर्नमा लाग्नुपर्ने अवस्था रहेका थिए ।

एक जनाको काम नै बिहान ४ बजेदेखि दिनभर पानीको जोह गर्नुपर्ने हुन्थ्यो पानीको धारा घर-घरमा आएपछि गाउँलेले सुखको अनुभूति गरेको गरेको छ । वर्षौंदेखिको आफूहरुले पहल गरिरहेपनि स्थानीय सरकार आएसँगैं पूरा भएको उनको भनाइ छ ।

गाउँमा खानेपानीको अभाव हटेपछि समयको बचत हुँदा मेलापात घरधन्दा गर्नसमेत सजिलो हुन थालेको स्थानीयवासीको भनाइ छ। आयोजना उपभोक्ता समितिका अध्यक्ष डिलकुमार गुरुङका अनुसार ढुंग्रे तुन्तेष खानेपानी तथा सरसफाइ आयोजना अन्तर्गत ८० घरधुरी रहेको छन् । सो आयोजनाबाट ५१६ जना लाभान्वित भएका छन् ।

सो आयोजना ८९ लाख ८२ हजार २९६ लागतमा सम्पन्न भएको उनले बताए । गाउँपालिकाको ७८ लाख ६४ हजार स्थानीय उपभोक्ताबाट ११ लाख १८ हजार २९६ बराबरको श्रमदानमा सम्पन्न भएको हो । उक्त आयोजनामा वाइनटुवाटर नेपालको प्राविधिक सहयोग रहेको छ ।

# नेपाल स्काउटको तदर्थ समिति खारेज गर्न माग

**काठमाडौं/मस–**नेपाल स्काउटको तदर्थ समिति खारेज गरी निर्वाचन गराउन माग गरिएको छ ।

स्काउट बचाउ अभियानले गरेको एक पत्रकार सम्मेलनमा छ महिनामा निर्वाचन गर्ने म्याण्डेड बोकेर आएको वर्तमान समितिले चार वर्षसम्म पनि निर्वाचन गर्न नसकेको भन्दै नयाँ समिति ल्याएर तत्काल निर्वाचन गर्न माग गरेको हो ।

पत्रकार सम्मेलनमा स्काउटका सल्लाहकार तथा गर्ल्स सहप्रमुख पुष्पलता भट्टराईले वर्तमान तदर्थ कार्यसमितिले स्काउटको मूल्य र मान्यताविपरीत काम गरेको आरोप लगाइन् ।

'स्काउटको मूल्य, मान्यता र तालिमको मर्मविपरित राजनीतिमा सक्रिय राजनीतिक दलका कार्यकर्तालाई मात्र तालिम दिइएको छ, यस्तो तालिम प्रभावकारी भएको देखिँदैन,' उनले भनिन् । स्काउटको केन्द्रीय कार्यालयलाई राजनीतिक भर्तीकेन्द्र बनाइएको र नेपाल स्काउटको स्कार्प र लेटरप्याड परिवर्तन गरिएकामा आपत्ती समेत जनाएको थियो ।

# राउत हत्या आरोपमा दुई पक्राउ

**काठमाडौं/मस–** काठमाडौंको बूढानीलकण्ठमा मृत फेला परेका मानबहादुर राउतको हत्या भएको खुलेको छ ।

महानगरीय प्रहरी परिसर काठमाडौंका अनुसार बूढानीलकण्ठ नगरपालिका ४ बस्दै आएका ३२ वर्षीय मानबहादुर राउतको आफ्नै साथीबाट हत्या भएको खुल्न आएको हो । उक्त घटनामा संलग्न रहेको आरोपमा प्रहरीले दुई जनालाई पक्राउ गरेको परिसरका प्रवक्ता प्रहरी उपरीक्षक दिनेशराज मैनालीले जानकारी दिए ।

राउत यही फागुन १६ गतेदेखि हराएका थिए । उनको शव १७ गते फेला परेको थियो ।

घटना अनुसन्धानका लागि प्रहरीले कुकुरको समेत प्रयोग गरेको थियो ।

उनको शवलाई अहिले परीक्षणका लागि महाराजगञ्जस्थित शिक्षण अस्पतालमा लगिएको छ ।

उक्त घटनामा संलग्न रहेको आरोपमा प्रहरीले सोही ठाउँ बस्ने २४ वर्षीय याकुब चौधरी र १८ वर्षीय करण पासवानलाई पक्राउ गरेको छ ।

प्रहरीका अनुसार उनीहरुबीच पैसाको लेनदेनको विषयमा विवाद हुँदा हत्या गरेको अनुसन्धानबाट खुल्न आएको छ ।

उनीहरु लागुऔषध कारोबार तथा सेवानमा समेत संलग्न रहेको पाइएकाले अनुसन्धान जारी रहेको प्रहरीले जनाएको छ ।

### गठबन्धन...

अहिले पनि गठबन्धनकै पक्षमा छन् । अन्य दलहरु पनि गठबन्धन भत्काउने पक्षमा छैनन् । पार्टीको पूर्व अडान छोडेर एमसीसी अनुमोदनको पक्षमा पुग्नुले पनि गठबन्धनकै पक्षमा माओवादी केन्द्र, एकीकृत समाजवादी र जनता समाजवादी रहेको पुष्टि हुन्छ । अझ स्थानीय चुनाव असोजपछि मात्रै गर्नुपर्ने अडानमा रहेका माओवादी केन्द्र र एकीकृत समाजवादी वैशाखमै चुनाव गराउन तयार भएका छन् । तर राष्ट्रिय जनमोर्चा भने गठबन्धनबाट अलग भइसकेको छ । संसदको ठूलो दल एमालेलाई सबैतिर विपक्षमा धकेल्ने गठबन्धनमा जनमोर्चा समेत थियो । बाँकी दलहरुको गठबन्धन कायम राख्न देउवाको ध्यान गएको छ ।

### विकल्प...

टिप्पणी सहित लागू भएको छ, सर्तहरु मान्य नभए यो फिर्ता जान्छ", पूर्वमन्त्री यादव भन्छन् । केपी ओलीको गलत कदम रोक्न सत्तागठबन्धन जोगाएर ब्याख्यासहित एमसीसी पारित गरेको पनि उनले बताएका छन् ।

अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड र पार्टीका अन्य नेताहरुसँग पनि छलफल भइरहेको उनको भनाई छ । त्यसोत, उनी अन्तुष्ट भएपछि अध्यक्ष प्रचण्डले दुईपटक भेटवार्ता गरिरसकेका छन् । श्रेष्ठलाई एमसीसीको विषयमा कुरा नमिले तापनि पार्टी छोड्ने तहको निर्णय नगर्न प्रचण्डले भनेका छन् ।

तर पनि श्रेष्ठ अन्य नेताहरुको सहकार्यमा नयाँ पार्टी निर्माणको अभियानमा लागेको देखिन्छ । हाल टुक्रिएर रहेका विप्लव, वैद्य, नेकपा एमालेका असन्तुष्ट समूह लगायत एक प्रकारको संवादबाट सहमति जुटे पार्टी एक बनाएर अघि बढ्ने मनस्थितिमा देखिएका छन् ।

### १५ दिनभित्रै ....

रुपैयाँ र हवाइ इन्धन प्रतिलिटर ११६ रुपैयाँ कायम भएको थियो ।

यसको तीन दिनभित्रै फेरि इन्धनको मूल्य बढाइयो । फागुन ७ गते निगमले पेट्रोल प्रतिलिटर १४५ रुपैयाँ, डिजेल प्रतिलिटर १२८ रुपैयाँ, मटि्टतेल प्रतिलिटर १२८ रुपैयाँ र हवाइ इन्धन प्रतिलिटर ११६ रुपैयाँ तोकिएको थियो । तर भोलिपल्टै निगमले हवाइ इन्धनको मूल्य बढाएर प्रतिलिटर १२६ रुपैयाँ तोकेको थियो ।

१५ दिनभित्र पाँचौं पटक मूल्यबृद्धि गर्दा पनि निगम घाटामा परेको जनाइएको छ ।

### नरोकिएको...

बनिसकेको दावी गरे । वर्तमान सरकारले मुलुकको विकास एवं जनताका अपेक्षालाई सम्बोधन गर्न नसकेको पनि उनले बताए ।


## कर्मचारी आवश्यकता

यस म्यानपावर कम्पनीको लागि निम्न कर्मचारीहरु आवश्यकता भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।

- लेखापाल- १
- PRO- २
- व्यवस्थापक- २
- Receptionist- १

तलब: आपसी समझदारीमा

सम्बन्धित क्षेत्रमा काम गरेको हुनुपर्नेछ ।
ईच्छुक व्यक्तिहरुले आफ्नो बायोडाटा सहित कार्यालयमा सम्पर्क गर्नुहोला ।

श्रम इजाजत नं. १२६३/०७४/०७५

**Miyon International Pvt. Ltd.**
Subhidhanagar-35, Kathmandu, Nepal
(50 meters ahead of Kantipur Television Building)
Tel: 5199459, Email: miyon.international@gmail.com
Website: miyoninternational.com, Mobile: 9808483079



Government of Nepal
Ministry of Urban Development
Department of Urban Development and Building Construction
**New Town Project Office**
Patan, Baitadi

**INVITATION FOR BIDS**

**Date of Publication**: 2078-11-20 BS (2022-03-04 AD)

New Town Project Office, Patan, Baitadi, invites electronic bids from eligible bidders for the following works under NCB Single Stage Single Envelope System bidding procedure. Bidders may obtain further information from the PPMO'S web portal: www.bolpatra.gov.np/egp and New Town Project Office, Patan, Baitadi.

| S.N | Contract ID | Description of Works | Total Estimated Amount (Excluding VAT and Contingency) | Bid Security Amount (NRs) | Bid Document Fees (NRs) |
|---|---|---|---|---|---|
| 1 | DUDBC/NTPO/PATAN/WORKS/NCB /15-078/79 | Construction of Patan-Maloda-Binoda Road | 34,28,693.47 | 1,10,000/- | 3,000/- |
| 2 | DUDBC/NTPO/PATAN/WORKS /NCB /16-078/79 | Construction of Hirapur Dadabagh Amusement Park and View Tower | 42,81,848.78 | 1,30,000/- | 3,000/- |

**Project Chief**



**MADI RURAL MUNICIPALITY**
**Office of the Rural Municipal Executive**
Ghartigaun, Rolpa

**Invitation for Bids**

**First Date of Publication: 2078/11/20 (2022-03-04 A.D.)**

Madi Rural Municipality invites electronic bids from the eligible bidders for the following work under NCB Procedure.

| S.N. | Contract ID | Name of the Work | Bid Document fee | Bid Security | Bid Opening Date | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | MRM/Works/NCB/03-2078/79 | Construction of administrative building of madi rural municipality (Phase-II) at Ghartigaun Rolpa | 5000 | Nrs. 38,00,000.00 | 2078/12/21 (2022-04-04 A.D.) 14:00 Hrs. | Single Stage Double envelope Procedure |

Eligible bidder may obtain further information from the PPMO web portal www.bolpatra.gov.np/egp

**Chief Executive Officer**

स्थानीय तह निर्वाचन

# ८ अर्ब ११ करोड रुपैयाँ बजेट सुनिश्चितता, बिहीबारसम्म नामावली त्रुटी सच्याउन सकिने

**विष्णु लक्ष्मी खरेल/मध्यान्ह**
काठमाडौं, १९ फागुन




निर्वाचन आयोगले ३० वैशाखमा हुने स्थानीय तह निर्वाचनका लागि मतदाता नामावलीमा कुनै त्रुटि भए २६ फागुनसम्म सच्याउनको लागि समय तोकेको छ।

आयोगले फागुन २० गते मतदाता नामावली सम्बन्धित पालिकाको वडा कार्यालय, जिल्ला निर्वाचन कार्यालय र निर्वाचन आयोगको वेवसाइटबाट सार्वजनिक गर्दैछ।

आयोगले नामावलीमा कुनै त्रुटि भएमा सच्याउन, झुटो विवरण दिई नाम समावेश गरेको भए विरोधमा उजुरी दिन, एक भन्दा बढी स्थानमा नाम समावेश भएको भए एक ठाउँको मात्र कायम गर्न र मृत्यु भएका वा नागरिकता त्याग गरेका मतदाताहरुको नाम हटाउन २६ फागुनसम्म निवेदन दिन सक्ने जनाएको छ।

यदि कोही मतदाताको नामावलीमाथि उजुरी परे प्रमाणसहित सफाइको मौका पनि दिइने आयोगले जनाएको छ।

८ अर्ब ११ करोड रुपैयाँ बजेट सुनिश्चितता सरकारले आगामी वैशाख ३० गते हुने स्थानीय तह निर्वाचनका लागि ८ अर्ब ११ करोड रुपैयाँ बजेट सुनिश्चितता गरेको छ।

निर्वाचन आयोगले बिहीबार पत्रकार सम्मेलन गरेर निर्वाचन सञ्चालन एवं व्यवस्थापनका लागि अर्थ मन्त्रालयबाट ८ अर्ब ११ करोड रुपैयाँ बजेटको सुनिश्चितता प्राप्त भएको जानकारी दिएको हो।

स्थानीय तह निर्वाचन प्रयोजनका लागि ८० वटा राजनीतिक दल दर्ता भएका र तिनको अध्ययन भइरहेको आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले जानकारी दिए।

आयोगले मतदाता नामावलीमा दाबी विरोध गर्नका लागि फागुन २० गतेदेखि २६ गतेसम्मको मिति तोकेको छ।

सो अवधिमा मतदाता नामावलीमा रहेको त्रुटी सच्याउने निवेदन दिने, कसैले झुठो विवरण दिई मतदाता नामावलीमा नाम समावेश गरेको भए सो को विरोधमा उजुरी दिने, कुनै मतदाताको नाम एकभन्दा बढी स्थानमा समावेश भएको भए एक स्थानमा मात्रै कामय गर्न निवेदन दिने, मृत्यू भएका वा नागरिकता त्याग गरेका मतदाताको नाम मतदाता नामावलीबाट हटाउनका लागि सूचना दिने तथा उजुरी परेको मतदातालाई प्रमाणसहित सफाइको मौका दिइने आयोगले जानकारी दिएको छ।

त्यस्तै विधुतिय मतदान प्रक्रियामा जानु चुनौतीपूर्ण भएकाले सो विषय छलफलकै क्रममा रहेको आयोगले जानकारी दिएको छ। साथै कानूनको अभावका कारण विदेशमा रहेका नेपाली नागरिकहरुको मताधिकार संरक्षण गर्न सम्भव नभएको पनि आयोगले स्पष्ट पारेको छ।

# नेता यादवले बर्साए हेलिकप्टरबाट फुल

**लक्ष्मण यादव/मध्यान्ह**
सर्लाही, १९ फागुन



नेकपा एमाले मधेश प्रदेश कमिटीका सदस्य रामबाबु उर्फ राम बहादुर राय यादवले सर्लाही क्षेत्र न. ४ मा हेलिकप्टरबाट फुल बर्साएका छन्।

सर्लाहीको बरहथवा नगरपालिका -३ हजरियामा श्री महारुद्र वावण अवतार एवं तिसरा ५ वर्षीय मेला महोत्सव २०७८ को अवसरमा सर्लाही क्षेत्र न. ४ का नेता यादवले आफ्नो सहयोगमा सर्लाही क्षेत्र न. ४ भरी नै हेलिकप्टरबाट फुल बर्साएका हुन्। बरहथवा नगरपालिकाले आयोजना गरेको भव्य महायज्ञका प्रमुख अतिथिसमेत रहेका नेता यादवले फुल बर्साएर मेलाको उद्घाटन गरेका हुन्। मेलामा नेता यादवको करिब ४ लाख रुपैयाँको सहयोग रहेको मेला आयोजकले मध्यान्हलाई जानकारी दिएको छ। मेलामा प्रवचन, राशलिला तथा विभिन्न प्रकारका खेल, सर्कसलगायत आयोजना गरिएको छ। मेलामा विभिन्न ठाउँबाट सन्तहरुको आगमन भएको आयोजकले जानकारी दिएको छ।

बाँके डायरी
गणेश रावत/मध्यान्ह

# मध्यान्ह दैनिकको सम्पर्क कार्यालय कोहलपुरमा




मध्यान्ह राष्ट्रिय दैनिकको सम्पर्क कार्यालय बाँकेको कोहलपुरमा पनि सञ्चालनमा ल्याइएको छ।

कोहलपुर - ११ बुद्ध टोलमा मध्यान्ह दैनिकको सम्पर्क कार्यालय स्थापना गरी संचालनमा ल्याइएको हो।

संघीय राजधानी काठमाडौंबाट प्रकाशित भैरहेको राष्ट्रिय स्तर 'क' वर्गको मध्यान्ह दैनिकमार्फत बाँके र आसपास क्षेत्रका पाठकहरुसमक्ष समाचार र सूचनाको पहुँचलाई छिटो छरितोरुपमा पुऱ्याउन र सेवाग्राहीहरुलाई स्थानीयस्तरबाटै सेवा पुऱ्याउने उद्देश्यका साथ सम्पर्क कार्यालय संचालनमा ल्याइएको सम्पर्क कार्यालयकी प्रमुख देविका शर्माले बताइन्।

# शिक्षा शाखामा तालाबन्दी

जुम्लाको तिला गाउँपालिकाका विद्यालय कर्मचारी तथा बालविकास शिक्षक संघर्ष समितिले आफ्नो माग पूरा नभएको भन्दै गाउँपालिका शिक्षा शाखामा तालाबन्दी गरेको छ।

नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले २०७८ असार ८ गते देशभरका स्थानीय विद्यालय कर्मचारीलाई थप तलव भत्ताको परिपत्र गरे अनुसार नपाएकाले विद्यालय कर्मचारी तथा बालविकास शिक्षकहरु आन्दोलित भएका हुन्।

तिला गाउँपालिकाले दोस्रो चौमासिक निकासा गरिसक्दा पनि पुरानै तलवमा चित्त बुझाउनु परेको शिक्षक संघर्ष समितिका संयोजक मुनकुमारी बुढा (रोकाया)ले बताइन्। न्यून पारिश्रमिकमा खटिएका विद्यालय कर्मचारी तथा बालविकास शिक्षकलगाएतलाई बेवास्ता गरिएकोले ज्ञापन पत्र बुझाउँदा पनि आलटाल गरी पन्छाउन खोजिएको पत्रमा उल्लेख गरिएको छ।

सोही पत्रलाई कार्यान्वयन गरी २०७८ साउन महिनादेखि रोकिएको तलव भत्ता उपलब्ध गराइदिन अनुरोध गरेको जनजागृति माध्यमिक विद्यालयका लेखापाल बल रोकायाले बताए। उनले २०७८ साउन महिनादेखि हालसम्मको तलब भत्ता उपलब्ध नगराउँदासम्म गाउँपालिकाका सम्पूर्ण विद्यालय अनिश्चितकालसम्मको लागि बन्द गरिने बताए।

# तीन दिने आधारभूत पत्रकारिता तालिम सम्पन्न





**मेलम्ची/मस–** सिन्धुपाल्चोकमा तीन दिने आधारभूत पत्रकारिता तालिम सम्पन्न भएको छ। नेपाल आदिबासी जनजाति पत्रकार महासंघ (फोनिज) जिल्ला शाखा सिन्धुपाल्चोकको आयोजनामा फागुन १६ देखि १८ गतेसम्म सञ्चालन भएको थियो। हेलम्बु गाउँपालिका, पाँचपोखरी थाङपाल गाउँपालिका र मेलम्ची नगरपालिकाको आर्थिक सहयोगमा तालिम सम्पन्न भएको हो। तालिम आरम्भमा पाँचपोखरी थाङपाल गाउँपालिका अध्यक्ष निमा लामाको प्रमुख आतिथ्यता रहेको थियो भने समापन समारोहमा हेलम्बु गाउँपालिकाका अध्यक्ष निमा ग्याल्जेन शेर्पाको प्रमुख आतिथ्यता रहेको थियो।

तीन दिनसम्म संचालन भएको उक्त तालिमको समापन कार्यक्रममा बोल्दै प्रमुख अतिथि शेर्पाले तालिम लिएर मात्र कुनै अर्थ नहुँने भन्दै यसको सदुपयोग गर्न आग्रह गरे।

उनले सम्पूर्ण सहभागीहरुलाई पत्रकारिता पेशामा संलग्न हुन पनि अभिप्रेरित गरे। तालिममा बागमती प्रदेशका सञ्चार रजिस्टार रेवती प्रसाद सापकोटा बरिष्ठ पत्रकार तथा सञ्चारकर्मी बिनोद ढुंगेल, रेडियो मेलम्चीका अध्यक्ष डम्बर रसिक भारतीले प्रशिक्षकको भूमिका निर्वाह गरेका थिए। तालिममा हेलम्बु गाउँपालिका, मेलम्ची नगरपालिका र पाँच पोखरी थाङपाल गाउँपालिकाबाट २० जना सहभागि भएका फोनिज जिल्ला शाखाका सचिव दीपेन्द्र घलेले जानकारी दिए। कार्यक्रममा बोल्दै जिल्लाका प्रत्येक पालिकाबाट ५ देखि १० जनासम्म पत्रकारहरुको संख्यामा बृद्धि गर्ने र पत्रकारहरुको गुणस्तर अभिबृद्धिका लागि विभिन्न विषयगत तालिमहरु दिलाउँदै जाने फोनिजका जिल्ला अध्यक्ष लालकाजी तामाङले बताए। कार्याक्रमकै दौरानमा तीन वटै पालिकाका अध्यक्षहरुलाई प्रसंशा पत्र र मायाको चिनो प्रदान गरेका थिए।

**कर्मचारी चाहियो**

यस म्यानपावर कम्पनीका लागि निम्न कर्मचारीहरु आवश्यक भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क राख्नुहोला।

Pro (Public Relation Officer) -2 Female

Documentation/Labor Dept Officer- 2 Female

सम्बन्धित क्षेत्रमा २ बर्ष काम गरेको अनुभव हुनुपर्नेछ।

**Solo Asia Recruitment PVT. LTD.**
(SNHR Manpower Pvt. Ltd.)
Tokha 5, Basundhara , Near Donut Drool Cafe, Kathmandu
Contact Number: 9841461218, 9813240018
Email ID : soloasiarecruitment@gmail.com

# हेलिटुरमार्फत खप्तड अवलोकन



**डोटी/मस–** खप्तडमा हेलिटुरमार्फत २ सय ५० स्वदेशी तथा विदेशी पर्यटकले अवलोकन भ्रमण गरेका छन्। हेलिटुरमार्फत सुदूरपश्चिमको खप्तडमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री प्रेमबहादुर आलेसहितको टोलीले पनि अवलोकन भ्रमण गरेको उनको सचिवालयले जनाएको छ।

नेपाल पर्यटन बोर्ड तथा माउन्टेन हेलिकोप्टर प्रालिसँगको समन्वयमा खप्तड राष्ट्रिय निकुञ्ज प्रवर्द्धक तथा नेपाल एशोसिएशन अफ टुर एण्ड ट्राभल एजेन्ट्स (नाटा) सुदूरपश्चिम प्रदेश, उद्योग वाणिज्य महासंघ सुदूरपश्चिम तथा होटल व्यवसायी महासंघ सुदूरपश्चिमको सहकार्यमा खप्तड होमस्टे झिग्राना र खप्तड एडभेन्चर टुर्सले उक्त हेलिटुर सञ्चालनमा ल्याएको थियो।

यही फागुन १ गतेबाट सञ्चालन गरिएको हेलिटुरमार्फत दुई विदेशी पर्यटक तथा २४८ आन्तरिक पर्यटक खप्तड अवलोकनका लागि पुगेको खप्तड होमस्टे झिग्राना तथा खप्तड एड्भेन्चर टुर्सका प्रबन्ध निर्देशक दीपकबहादुर खड्काले बताए।

खप्तड राष्ट्रिय निकुञ्ज र प्रमुख धार्मिकस्थल बडिमालिकाका लागि हेलिटुर सञ्चालन गरिएको भए पनि अत्यधिक हिउँका कारण बडिमालिकामा हेलिकप्टर ल्याण्ड गर्न नसकिँदा सोचेजति पर्यटक भित्र्याउन नसकिएको आयोजक संस्थाले जनाएको छ।

चिसोको समयमा सुनसानजस्तै देखिने खप्तड क्षेत्रमा यस पटक हेलिटुर सञ्चालन भएपछि पर्यटकलाई अवलोकनका लागि निकै सहज भएको डोटी उद्योग वाणिज्य संघका अध्यक्ष मोहनबहादुर कलेलले बताए।

**बारेकोट गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
लिम्सा, जाजरकोट
कर्णाली प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

(सूचना प्रकाशित मिति: २०७८/११/२० गते)

यस कार्यालयबाट मिति २०७८/०९/२० गते मध्यान्ह राष्ट्रिय पत्रिकामा प्रकाशित सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरुको मूल्याङ्कन हुँदा न्यूनतम् मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही देखिन आएको निम्नानुसारको बोलपत्र स्वीकृत गर्ने आशयले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ र ४७ को प्रयोजनार्थ लागि सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशिल:

| क्र. स. | ठेक्का नं. | कामको विवरण र स्थान | निर्माण व्यवसायीको नाम | कबोल अंक (भ्याट र प्रोभिजनल सहित) |
|---|---|---|---|---|
| १. | EGP/NCB/BRM/ WORKS/01/78-79 | Limsa Silinge Daha Road Upgrading 0+000 to 10+000 | Khadka Krishna-Shivako J.V. | 9,73,15,717.41 |
| २. | EGP/NCB/BRM/ WORKS/02/78-79 | Silinge to karuka Road Upgrading 0+000 to 5+000 | Khadka Krishna-Shivako J.V. | 7,69,63,508.49 |

प्रमुख प्रशासकीय अधिकृत

# सूर्यविनायक नगरलाई भेन्टिलेटर सहयोग




**काठमाडौं/मस–** काठमाडौं महानगरपालिकाले सूर्यविनायक नगरपालिकालाई एक र कामपा वडा नं ६ मा सञ्चालित स्तुपा सामुदायिक अस्पताललाई दुई गरी तीन भेन्टिलेटर सहयोग गरेको छ।

सूर्यविनायक नगरपालिकाले आवश्यकताका आधारमा उक्त भेन्टिलेटर उपयोग गर्ने जनाइएको छ। कामपासँग भगिनी सम्बन्ध स्थापना भएको तिब्बतको ल्हासा नगरले पाँच थान भेन्टिलेटर उपलब्ध गराएको थियो। तीमध्ये तीन भेन्टिलेटर अस्पताललाई हस्तान्तरण गरिएको हो।

भेन्टिलेटर उपलब्ध गराएपछि प्रतिक्रिया दिँदै कामपाका प्रमुख विद्यासुन्दर शाक्यले काठमाडौंका सबै नगरसँग नगर-नगर साझेदारी कार्यक्रम गरेको बताए। पाँच प्रदेशका पाँच नगरपालिकासँग भगिनी सम्बन्ध स्थापना गरेर पार्क तथा हरियाली बढाउने योजनाका लागि रु एक करोड ५० लाखका दरले सहयोग गरिएको उनले बताए।

सूर्यविनायकका नगर प्रमुख वासुदेव थापाले नगर अस्पताललाई कामपाले भेन्टिलेटर उपलब्ध गराएपछि आकस्मिक सेवाका लागि सहज भएको प्रतिक्रिया दिए। यसअघि कोरोना महामारीको समयमा पनि कामपाले काठमाडौं उपत्यकाका विभिन्न १२ अस्पताललाई आवश्यक पर्ने स्वास्थ्य सामग्री सहयोग गरेको थियो।

**HOSPITALITY TRAINING**

Hilton Academy Pvt.Ltd.
A great place for career

गर्नु या गराउनु परेमा होटल सम्बन्धी कुनै पनि Training या Working Video बनाउनु परेमा Hilton Academy लाई सम्झनु होला।

कुनै पनि
Cook, Japanese Sushi, Bakery, Pastry, Pizza Burger Sandwich Maker, Kitchen Helper, Waiter, Bartender, Housekeeping Cleaner, Bell Boy, Room Attendant, Interview Preparation
विषयहरुलाई छोटो अवधीमा नै तालिम दिएर दक्ष बनाउने छौं।

नोट: ६ महिने Professional Diploma in Hotel Management (PDHM) पढ्न चाहने विद्यार्थीहरुका लागि ३० % off मा ADMISSION OPEN गरिएको जानकारी गराउदछौं

सम्पर्क
**Hilton Academy**
of Hotel Management & Chulinary Arts
Basundhara Chowk, Near Ishanbal Hospital Kathmandu
01-4951313 H/P 9851195484

मध्यान्ह
www.madhyanhadaily.com
२० फागुन २०७८, शुक्रबार
4 March 2022, Friday

## सम्पादकीय

### असंवैधानिक मार्ग

निर्वाचन आयोगको निर्णयप्रति असन्तुष्टि जनाउँदै साना दलहरू संघर्षरत छन् । साना दल भएकै कारण उनीहरूको संघर्षको कार्यक्रमले प्राथमिकता पाउन सकेको देखिदैन । आम मानिसको प्रत्यक्ष सरोकारका विषय नभएकाले पनि उनीहरूको एजेण्डा प्राथमिकतामा नपर्न स्वभाविक नै हो । किनकि नागकिको जीवन पद्धतिसँग प्रत्यक्ष नछोडिएको विषयले ठूलो प्राथमिकता पाउँदैन । तर साना दलहरूको संघर्ष रोकिएको छैन । निर्वाचन आयोग घेराऊ, अन्तरक्रिया लगायत गतिविधिमा साना दलहरु छन् । उनीहरूको माग छ– राजनीतिक दलहरूले चुनाव चिन्ह पाउनुपर्छ । तर निर्वाचन आयोगले भने राष्ट्रिय दललाई मात्रै चुनाव चिन्ह दिने निर्णय गरेको छ । आयोगको निर्णय नरोकिने हो भने नेकपा एमाले, नेपाली काँग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, जनता समाजवादी पार्टी र लोकतान्त्रिक समाजवादी पार्टीले मात्रै चुनाव चिन्ह पाउनेछन् ।

आयोगको निर्णयअनुसार, चुनाव चिन्ह पाउने संख्या ६ पुग्नुमा पनि दलहरूको विभाजन प्रमुख कारण हो । गएको वर्ष यो बेला मुलुकमा तीन वटा मात्रै राष्ट्रिय दल थिए– नेपाल कम्युनिष्ट पार्टी, काँग्रेस र जनता समाजवादी पार्टी (जसपा) । तर नेकपा विभाजन भएर तीन दल एमाले, माओवादी केन्द्र र एकीकृत समाजवादी बन्यो । जसपा विभाजन भएर लोसपा बन्यो । आयोगले यी ६ दललाई मात्रै चुनाव चिन्ह दिने तयारी गरेको छ । जबकी संसदमा सहभागी संख्या समेत ९ वटा छन् । नेपाल मजदुर किसान पार्टी, राष्ट्रिय जनमोर्चा र राष्ट्रिय प्रजातन्त्र पार्टीका एक/एक सांसद प्रतिनिधिसभा छन् । एक/एक सांसद रहेका दलहरूले राष्ट्रिय दलको मान्यता पाएका छैनन् । संविधानले थ्रेसहोल्डको व्यवस्था गरेकाले उनीहरूले दलीय हैसियत नपाएका हुन् ।

तर आयोगले थ्रेस होल्डको व्यवस्था भन्दा पनि कठोर निर्णय लिएको छ । जबकी संविधानले नागरिकलाई राजनीतिक अधिकार सुनिश्चित गर्न दल खोल्ने दिएको छ । कसैले चाहेमा दल खोल्न पाउँछन् र जनताबाट अनुमोदित भएमा राष्ट्रिय दल बन्दै सरकारकै नेतृत्व गर्न सक्छन् । तर त्यस बिपरीत आयोगले दलीय रूपमा चुनाव चिन्ह नै नदिने प्रावधान संविधानको भावनासँग मेल खाँदैन । आयोगले लिने निर्णयले त भएकै दलहरूलाई थप निरंकुश र स्वच्छेचारी बनाउन मद्दत पुग्छ । अतः संविधानको भावना बिपरीत हुने यस्ता निर्णय लिन उचित हुन्न । कसैले जनताको विश्वास जित्न दल खोल्न चाहेमा त्यो अधिकारको सम्मान गर्नपर्छ । संवैधानिक व्याख्या बराल्नेतिर लाग्नु हुन्न ।

# जनचासोको विषयमा उदासिन प्रतिपक्ष दल

**जिम्मेवार दलले जिम्मेवार भूमिका निर्वाह गर्नुपर्छ भन्ने ख्याल नगर्दा जनचासोका विषय ओझेलमा पर्ने कुरा पक्का छ । गठबन्धन सरकार कछुवा गतिमा छ । जनताका कुनै पनि समस्या निराकरणमा गठबन्धन सरकारले चासो देखाएको छैन । तर, 'वाच डग'को भूमिकामा रहेको प्रतिपक्ष ताण्डव नृत्यमै मस्त छ ।**

अग्रलेख



● गोविन्द विक

करिब दुई तिहाइ जनमतका साथ सत्ता सञ्चालनको तालाचाबी हातमा पार्न सफल भएको दल नेकपा (एमाले) आफ्नै आन्तरिक कलह व्यवस्थापन गर्न नसक्दा प्रतिपक्ष बनेको र अहिले गठबन्धन भत्काउने धाउन्नमा समय खेर फालिरहेको छ । सत्तामा रहँदा पनि जनअपेक्षा अनुकूलका कामलाई कहिल्यै प्राथमिकता नपारेको एमालेले अहिले पनि जनचासोका विषयमा आवाज उठाउने र सरकारलाई खबरदारी गर्ने काममा प्रतिपक्षको भूमिका निर्वाह गर्न सकेको छैन । प्रमुख प्रतिपक्ष भनेको सरकारको 'वाच डग' हो । सरकारले गरेका राम्रा काममा रचनात्मक सहयोग गर्ने र नराम्रा काममा सरकारलाई खबरदारी गर्ने मुख्य जिम्मेवारी प्रमुख प्रतिपक्ष दलको रहन्छ । तर, प्रतिपक्ष दल एमालले निरन्तर संसद अवरुद्ध गरेर संसदमा अलोकतान्त्रिक अभ्यासलाई जारी राखेको छ । आफूले कारबाही गरेका माधव नेपालसहितका १४ जना सांसदहरुलाई कारबाही गरी उनीहरुको सांसद पद खारेजी गर्नुपर्ने सभामुखले संवैधानिक सर्वोच्चता कायम गर्न नसकेको भन्दै संसदमा निरन्तर नाराबाजी मच्चाइरहेको छ । यसरी जनचासोका विषयमा उठान गर्ने प्रमुख थलो संसद भएको हुनाले निरन्तर रुपमा संसद अवरुद्धको अभ्यासमा लाग्नु गैरजिम्मेवारीताको परकाष्ठ नै हो ।

जिम्मेवार दलले जिम्मेवार भूमिका निर्वाह गर्नुपर्छ भन्ने ख्याल नगर्दा जनचासोका विषय ओझेलमा पर्ने कुरा पक्का छ । गठबन्धन सरकार कछुवा गतिमा छ । जनताका कुनै पनि समस्या निराकरणमा गठबन्धन सरकारले चासो देखाएको छैन । महँगीले निमुखा जनताको घाँटी न्याकेको छ । त्यसमा सरकारको कुनै चासो नै छैन । पेट्रोलियम पदार्थको भाउ आकासिदै जाँदैछ तर, सरकार बेखबर बनिरहेको छ । समाजमा व्यक्ति हत्या र हिंसाका घटनाहरु दिनहुँ घटिरहेका छन् सरकारलाई पत्तो नै छैन । मुलुक सरकारबिहिनताको अवस्था भएजस्तो जनतालाई महसुस भइराखेको छ । राजनैतिक प्रतिशोध साँधेर विभिन्न मुलुकका राजदुतहरु फिर्ता बोलाउन सरकारको समय खेर गयो । सरकारले आज राजदूतबिहिनताको अवस्था निर्माण गरी विभिन्न मुलुकहरुसँगको कुटनैतिक सम्बन्धमा नै खलल् पुऱ्याउने काम गरिराखेको छ । यसतो अवस्थामा प्रतिपक्ष दलले सरकारलाई संसदको माध्यमबाट खबरदारी गरेर जनताप्रति जिम्मेवार बन्ने मौका पनि गुमाइरहेको छ । कतिपय कानुनहरु संसदमा अड्कीएर बसेका छन्, ती कानुनहरु पास नहुँदा सरकारका निकायहरुलाई काम गर्न असहज भैराखेको छ । प्रतिपक्ष दल व्यक्तिभित्रको कुण्ठा रिस र प्रतिशोधलाई संस्थागत गर्दै सधै एउटै अडानमा संसद अवरोध गरिरहनु शोभनीय कार्य हुँदैन । रिस र आवेग छोटो समयको लागि मात्र हुनु पर्दछ ।

राजनैतिक परिदृष्यमा जबसम्म रिस र आवेगले निरन्तरता पाउँछ तबसम्म लोकतान्त्रिक अभ्यासले ठाउँ पाउँदैन । प्रतिपक्ष दल एमालले सधैं १४ जना सांसदको मुद्दा उचालेर प्रस्तुत भइरहने हो भने जनताको सबालमा जनताको चासोमा कहिले बोल्ने ? आफूले निष्कासन गरेका १४ जना सांसदको बारेमा गीत गाएर जनताको मत कसरी पाउने ? आफू सरकारमा रहँदा पनि प्रतिपक्षले त्यस्तै गैरजिम्मेवारपूर्ण व्यवहार देखाइरहृयो भने आफूलाई पनि काम गर्न असजिलो त पक्कै पनि हुन्छ । जनचासोको विषयमा ध्यान दिएर सत्ता गठबन्धनले भन्दा उत्तम काम गरेपछि त्यसै जनमत आफनो पक्षमा आइहाल्छ किन गठबन्धनको पछि



> कम्युनिष्ट धारको नेतृत्व गर्ने दल एमाले हो भन्ने जनताको अपेक्षालाई उसले आफ्ना अनैतिक र अव्यवहारिक क्रियाकलापहरू मार्फत विफल बनाइरहेको छ । प्रतिपक्ष दल एमालेको अहिलेको कार्यशैली हेर्दा संसदको बाँकी रहेको पूरै समयसम्म अवरोध गरिरहने नियत भएको अनुमान गर्न कठिन छैन ।

लाग्नु पऱ्यो ? आफैले संविधानलाई कुल्चीएर असंवैधानिक सुरुङतिर दौडिएपछि गठबन्धन जन्मीएको कुरा त छरपष्टै छ । प्रतिपक्ष दलले जनचासोको विषयमा ध्यान दिएर जनमत बाट नै गठबन्धनलाई जवाफ दिने काममा लाग्नु जरुरी छ ।

समाजमा दण्डहिनता मौलाउदो छ । महिला बालिकाहरु सुरक्षित छैनन् । विभेद र हत्याको हिंसामा दलित समुदाय पिल्सीराखेको छ । निमुखा वर्ग हुँदाखाने वर्ग झनझन समस्यामा पर्दै गइरहेका छन । भ्रष्ट्रचार मौलाउँदो छ । मानव तस्कारहरु, सुन तस्करहरु राज्यका आँखा छल्न सफल भैराखेका छन् । बलत्कारजन्य यौन हिंसाका घटनाले कुनै पनि क्षेत्र अछुतो छैन । राज्यबाट पाउने सेवामा वर्षौ कुर्नुपर्ने लज्जाजनक अवस्था छ । हरेक क्षेत्रमा बिचौलिया घुसखोरीको बिगबिगी त्यत्तिकै छ । लाइसन्स बनाउन फारम भरेको एक वर्षपछि हातमा पर्छ । एउटा ब्यलुबुक नविकरण गर्दा खुस दिदा पाँच मिनेटमा काम हुन्छ नभए महिनौ धाउनुपर्ने अवस्था जिवितै छ । जनताका लागि शुसान कुन तन्त्रमा आउने हो भन्ने कुरा जनतामा अन्योलता छ । प्रजातन्त्र, लोकतन्त्र र गणतन्त्रमा नआएको सुशासन कुन तन्त्रमा आउला ? यसको जवाफ नेतृत्वले दिन सक्छ ? सुशासन र समृद्धिका निम्ती जनताले गरेको व्यग्र प्रतिक्षालाई नेतृत्व वर्गले कहिले बुझ्ने ?

प्रतिपक्ष दल एमालेले विगत ६ महिनादेखि गर्दै आएको संसदभित्रको नाराबाजी अशोभनीय मात्रै हैन अलोकतान्त्रिक र निम्छरो मानसिकता पनि हो । पार्टीभित्रको व्यक्ति तहदेखिको रिसलाई संसदको अखडा बनाउनु लज्जाजनक विषय हो । ओलीले आफू सत्तामा हुँदा पनि आफूलाई प्रधानमन्त्रीबाट हटाउन चौतर्फी घेराबन्दी गरियो भन्दै जे मनमा लाग्यो त्यही गर्दै अगाडी बढिरहे जसका कारण सरकार नै छोडेर बाहिर बस्नु पऱ्यो । अहिले प्रतिपक्षमा रहँदा पनि उनै ओलीले तमसा देखाइरहेका छन् । 'संसदमा जाने १४ जनालाई निकाल' भन्दै नारा लगाउने अनि फर्किने । सरकारको काम कता छ ? सरकारले जनचासो र जनसरोकारका विषयमा के काम गर्दैछ ? हुँदाखाने जनताको चुलो बल्न पनि मुस्किल हुनेगरी किन मूल्यवृद्धि आकासिरहेको छ ? मुल्यवृद्धिलगायतका समस्यालाई सरकारले कसरी सम्बोधन गर्दैछ ? राजदूत नियुक्तीमा सरकारको अलमल किन भयो ? प्रधानन्यायधिश चोलेन्द्र जबराको कारण आज न्यायलय किन विवादमा छ ? व्यक्तिहत्या हिंसामा श्रृखंलाहरु किन मौलाइरहेका छन ? महिला बालिका किशोरीहरु किन असुरक्षित बनिरहेका छन ? तर, सरकारलाई खबरदारी गर्ने प्रतिपक्ष दलको प्राथमिकतामा परेकै छैन । सत्तामा रहँदा पनि रडाको, सत्ता बाहिर रहँदा पनि रडाको । जनताको अगाडी जानका लागि पनि नैतिक धरातल गुमाइरहेको छ प्रतिपक्ष दलले ।

कम्युनिष्ट धारको नेतृत्व गर्ने दल एमाले हो भन्ने जनताको अपेक्षालाई उसले आफ्ना अनैतिक र अव्यवहारिक क्रियाकलापहरुमार्फत विफल बनाइरहेको छ । प्रतिपक्ष दल एमालेको अहिलेको कार्यशैली हेर्दा संसदको बाँकी रहेको पूरै समयसम्म अवरोध गरिरहने नियत भएको अनुमान गर्न कठिन छैन । संसदमा नाराबाजी गर्ने गलत संस्कृति स्थापित हुनु नै नेपाली जनताका लागि दुर्भाग्य बनिरहेको छ । सत्तासिन दलहरु निधाइरहने सरकार जनताको समस्यामा बेखबर बनिरहने प्रतिपक्ष दल संसदमा गएर नाराजुलुस गरिरहने जनता समस्यामा पिल्सीरहने के यही हो गणतन्त्रको परिभाषा ? के यही प्रवृत्ति र कार्यशैलीका लागि हजारौंको बलिदानी दिएर व्यवस्था परिवर्तनका लागि लडिएको थियो ? जनताले पाएको दुखको हिसाब किताब जिम्मेवार दलहरुले दिन जरुरी छ । माधव नेपालसँग रिस उठयो भनेर संसदलाई बन्दी बनाउन पाइँदैन । जनताको सरोकारका विषयमा गम्भीर बन्ने दायित्व प्रतिपक्षको पनि हो । त्यसैले सधै उदण्ड मच्चाएर तमासा देखाउनुभन्दा पनि जनजिविकाको विषयमा गम्भीर भएर साँच्चै सर्वहारा वर्गको उत्थानका लागि संवेदनशील बन्ने मौका प्रतिपक्ष दल एमालले गुमाउनु आफ्नै लागि घाटा हो ।

## सामाजिक सञ्जाल



**- भिमार्जुन आचार्य**

अमेरिका होस्, रूस होस् वा अरू कुनै राष्ट्र जसले गरेपनि निहत्था नागरिक मारिनु मानवता विरूद्धको कार्य हो । राजनीतिक दाउपेच वा आफ्नो राष्ट्रिय स्वार्थको नाममा मान्छे मार्ने छुट कसैलाई छैन । तर, दुर्भाग्य ठूला भनिएका राष्ट्रहरूको दादागिरीका कारण आज मानवीय मूल्य सस्तो हुन पुगेको छ ।



**- मोहन अन्सारी**

अपराधको आरोप लागेकाले यसरी जनतालाई यसरी सम्मोहित गर्न सक्छ भने हेरौं । समाज कति सचेत छ, कानूनको शासन कति कमजोर र निरिह छ देशको मानव अधिकार कहाँ र कस्तो अवस्थामा छ ? दण्डहिनता जनस्तरमा व्याप्त छ ।



**- गोविन्दकुमार थापा**

अमेरिका हतियार व्यापारी हो, जसले उसको अर्थतन्त्र नै थेगेको छ । तसर्थ उ बजार बिस्तार गर्न चाहन्छ, त्यो बजार गृह वा बाह्य युद्ध भड्काएर मात्रै सम्भव छ । त्यसैले अनुदान सहयोग जस्ता नामबाट पनि अरूको बजार छेक्न त्यस्ता सामरिक महत्वका गैँडा खोज्दै हिँड्छ । जहाँ टेक्छ त्यहाँ बम, बारूद पड्किनै पर्छ ।



**- नवराज पन्त**

असंलग्न नीति लिएको राष्ट्रले हरपल आफु तथष्ट हुनु नै सर्वव्यापी सुरक्षित हुनु हो, यति पनि नबुझ्ने व्यक्तीले परराष्ट्र मामिला हाँक्नु हुँदैन । त्यसैले नेपाल जस्तो महाशक्ति राष्ट्रहरूले घेरिएको शान्ति प्रिय देशको निम्ती असंलग्नताको नीति अनिवार्य चाहिन्छ !



**- पुष्कर कँडेल**

रूस र युक्रेनबीचको युद्धलाई लिएर नेपालले पक्ष वा विपक्षमा उभिएर बोल्नु वा मतदान गर्नु भनेको कुटनीतिक अपरिपक्वता हो । त्यो अपरिपक्वता देउवा नेतृत्वको सरकारले देखाइरहेको छ । समय मै जनताको तहबाट प्रभावकारी हस्तक्षेप गरिएन भने नेपालमाथि अन्तर्राष्ट्रिय प्रभाव र दबाव बढ्ने खतरा बढ्यो ।

# बाथरोगको समस्या र उपचार

**बाथरोगबाट अनुमानित २० देखि २५ प्रतिशत जनमानस आक्रान्त छन् । नेपालमा पछिल्लो समयमा बाथरोगका बिरामीहरूको उपचारमा केही सुधार देखिएता पनि नेपालको भौगोलिक र आर्थिक परिवेश तथा विशेषज्ञको कमीले गर्दा अहिलेसम्म पनि धेरै बिरामीहरूले राम्रो सुबिधा पाउन सकेका छैनन् ।**

स्वास्थ्य



● डा. प्रयुश शर्मा

बाथरोग भनेको शरीरका कुनै पनि जोर्नी दुख्ने, सुन्निने, सुजन हुने, रातो/तातो हुने, जोर्नी चलाउन गार्हो हुने, कक्रक्क पर्ने अथवा मेरुदण्ड/ढाड दुख्ने/कक्रक्क पर्ने अवस्थालाई बुझ्ने गरिन्छ । वास्तवमा सबै रयूमटिक समस्याहरुलाई बाथरोग भन्ने बुझिन्छ । यी रोगहरु (रयूमटिक समस्याहरु) धेरै प्रकारका छन् (करिब २०० प्रकारका)। यिनले धेरै मानिसहरुमा जोर्नीभन्दा बाहिर, शरीरका अन्य भागहरु (जस्तै छाला, आँखा, मृगौला, मांसपेशी, रक्त र कहिल काहीँ फोक्सो र मुटु)मा पनि असर गर्न सक्दछन् । बेलैमा उपचार नगरे जोर्नीहरु/ढाडको आकार बिग्रने तथा माथि उल्लेखित अंगहरुमा पनि नराम्रो असर गर्न सक्ने हुन्छ ।

बाथरोगबाट अनुमानित २०-२५ प्रतिशत जनमानस आक्रान्त हुने पाइएको छ । नेपालमा पछिल्लो समयमा बाथरोगका बिरामीहरुको उपचारमा केही सुधार देखिएता पनि नेपालको भौगोलिक र आर्थिक परिवेश तथा विशेषज्ञको कमीले गर्दा अहिलेसम्म पनि धेरै बिरामीहरुले राम्रो सुबिधा पाउन सकेका छैनन् । विशेषगरी उचित परिक्षणको अभावले गर्दा समयमै रोगको निदान/परिचय र उचित उपचारको कमीलगायतका समस्याहरु विशेषज्ञताको सुबिधा नभएको नेपालका सबै ठाउँमा भोग्नु परिराखेको छ ।

हाम्रो शरीरमा हुने धेरै सिस्टमहरु मध्येको एक इम्मयुन सिस्टम हो । यस सिस्टमलाई रोग प्रतिरोधात्मक क्षमता सिस्टमको रुपमा पनि चिनिने गरिन्छ । कहिलेकाहीँ आफ्नै शरीरका कोशाणुहरुले यो सिस्टमको विरुद्धमा आक्रमण गर्न सक्दछन् । यसरी हुने रोगहरुको समूहलाई स्वतः प्रतिरक्षा रोग अथवा अटो-इम्मयुन डिसअर्डर भनिन्छ । रयूमटिक समस्याहरु पनि यिनै रोगहरुको समूह भित्र पर्दछन् । रयूमटिक समस्याहरुहरु धेरै प्रकारका हुन्छन् । ति मध्ये प्रायः देखिने प्रकारहरु तल उल्लेखित छन् ।

### न्युमाटोईड आरथ्राइटिस/गठिया बाथ

गठिया बाथले सबै उमेरका मानिसहरुलाई आक्रान्त पार्न सक्ने हुन्छ । खासगरी यस किसिमको बाथले पुरुषहरुमा भन्दा बढी महिलाहरुमा पाइने गरिन्छ । हात खुट्टाका सबै जोर्नीहरुमा असर गर्न सक्ने भएपनि यस किसिमको बाथको सुरुवाती लक्षण प्रायजसो हात, घुँडा र नाडिको जोर्नीहरुबाट देखिने गरिन्छ । कहिलेकाँही घाँटीको जोर्नीमा पनि यसले असर गर्न सक्दछ । दुखाइ रातीको बेलामा अलि बढी हुने र विहान जोर्नीहरु कक्रक्क पर्नेलगायत समस्याहरु देखिन सक्छ । समयमै उपचार नगरे हात खुट्टाको जोर्नीहरुको आकार विग्रदै जाने र कुँजो हुनसक्ने सम्भावना रहन्छ । यसले जोर्नीहरु बाहेक शरिरका अन्य भागहरुमा पनि असर गर्न सक्दछ ।

### युरिक एसिडको बाथ/गाउट

नेपाली समाजमा प्रायजसो देखिने युरिक एसिडको



बाथ पुरुषहरुमा बढी देखिने गरिन्छ । युरिक एसिड जोर्नीहरुमा जम्मा भएर यो बाथका लक्ष्यणहरु देखिने हो । र, ९० प्रतिशत मानिसहरुमा सुरुवाती लक्षण खुट्टाको बुढी औंलाबाट पाइने गरिन्छ । बुढी औंला बाहेक अरु जुनसुकै जोर्नीमा पनि यसले असर गर्न सक्दछ । वास्तवमा युरिक एसिड शरिरका जुनसुकै भागमा पनि जमेर बस्न सक्दछ । र, जोर्नीमा यसको दुखाइ असाध्यै नराम्रो हुन्छ । यो दुखाइको आक्रमण केही दिनपछि आफै हराएर जाने गर्दछ (औषधी खाएर अथवा आफै) तर, केही समय (दिन, हप्ता, महिना र कहिले काँही वर्ष) पछि बल्झिने पाइएको छ । दुई आक्रमणबीचको समयमा भने कुनै पनि लक्षणहरु नदेखिन पनि सक्छ । जोर्नीहरु बाहेक युरिक एसिड जमेर बस्न सक्ने शरिरका अरु भागहरु मृगौला, मांशपेसी, छाला इत्यादी हुन् ।

मृगौलामा पथ्थरी भएर कहिलेकाही अंगघातक पनि हुन सक्दछ । युरिक एसिडको बाथको समयमै उपचार नगरे जोर्नीका आकारहरु बिग्रदै जाने, दुखाइको गम्भीरता र बारम्बारिता बढ्दै जाने र मृगौलामा दिर्घकालिन समस्या देखापर्ने लगायतका समस्याहरु हुन सक्दछ । यसको उपचारको ठुलो अंश खानपीनमा सन्तुलन तथा नियमित शारिरिक व्यापाम रहेको छ । त्यसैगरी औषधीको भूमिका पनि उल्लेखनीय छ ।

### ढाडको बाथ

प्रायजसो कम उमेरका पुरुषहरुलाई आक्रान्त गर्ने ढाडको बाथरोगहरुको समुहमा मेरुदण्ड, हात खुट्टाका जोर्नीहरु अथवा दुबैका लक्षणहरु हुन सक्दछ । स्पोन्डाय्लो आरथ्राइटिस्अन्तर्गत एन्काइलोजीङ स्पोण्डाइलाइटिस, रिएक्टिभ आरथ्राइटिस्, सोरियाटिक आरथ्राइटिस् जस्ता बाथहरु पर्दछन् । यस समूहका बाथरोगहरुमा ढाड र जोर्नीहरु बाहेक शरीरका अन्य भागहरु जस्तै आँखा, छाला, योनि, आन्द्रा, फोक्सोलगायतका अन्य भागहरु पनि आक्रान्त हुन सक्दछन् । सोरियाटिक आरथ्राइटिस् भन्ने बाथ प्रायजसो छालाको कत्ले रोगसँग सम्बन्धित हुन्छ । रिएक्टिभ आरथ्राइटिस्मा हात खट्टाको छालामा फोका आउने, रातो हुने, योनिमा घाउ हुनेलगायत समस्याहरु देखिन सक्छन् । उपचारमा एउटा ठुलो अंश नियमित शारिरीक ब्यायामका साथै औषधिको पनि भूमिका उल्लेखनीय हुन्छ ।

### ओस्टियोआरथ्राइटिस/जोर्नी खिइने बाथ

उमेर बढ्दै जाँदा यस खालको बाथ हुने सम्भावना रहन्छ । ५०-५५ वर्षको उमेरपछी र महिलाहरुमा धेरै देखिने यो बाथरोगमा प्रायजसो घुँडा दुख्ने समस्या हुन्छ । घुँडा बाहेक हातका जोर्नीहरु र मेरुदण्डमा पनि यस रोगले असर गर्न सक्दछ । यस बाथका कारणहरुमा ५० भन्दा बढी उमेर, पछिल्लो समयमा जोर्नीमा लागेको चोटपटक, मोटोपना, अत्याधिक कोलेस्ट्रोल, थाइराइडको समस्या इत्यादी पर्दछन् । उपचारमा औषधी भन्दा धेरै जीवनयापनको केही नियमको धेरै भूमिका रहेको छ ।

### लुपस

लुपस गर्भ निर्धारण योग्य उमेरका महिलाहरुमा देखिने एक दिर्घकालिन रोग हो । शरीरका कुनैपनि जोर्नीमा आक्रान्त गर्नुका साथै यस रोगमा छाला, आँखा, मांशपेशी, मृगौला, पेट, मस्तिष्क, रगत, फोक्सो तथा शरीरको अन्य अंगमा पनि यसको असर देखिन सक्छ । सुरुवाती लक्ष्यणहरुमा जोर्नी दुख्ने, अनुहारमा पुतली आकारको दाग आउने, चाँया र पोतो आउने, घाममा निस्कदा छाला रातो हुने, स्या स्या हुने, टाउको दुख्ने, जिउ गल्ने इत्यादी समस्याहरु देख्न सकिन्छ । उपचारमा सामान्य जिवनयापनका केही नियमहरु, घामबाट जोगिने, व्यायाम र दिर्घ दिनसम्म खाइराख्नु पर्ने केही औषधीहरु पर्दछन् ।

### रक्त नलीको बाथ

भसकुलाइटिस् अर्न्तगत धेरै किसिमका बाथहरु पर्दछन् । रगतका नालिहरु सुन्निने, सुजन हुने र त्यसबाट हुने लक्षणहरु देखिने यस रोगका विशेषता हुन् । जोर्नी दुख्ने सँगसँगै छालामा दाग आउने, मृगौला, आँखा, फोक्सो, मुटु, मस्तिष्क र स्नायुमा समस्या देखिने लगायतका समस्याहरु यस रोगमा देख्न सकिन्छ । चिसो पानीमा हात डुबाउँदा, फ्रिजमा हात लैजाँदा औलाका रगंहरु क्रमबद्ध रुपमा सेतो, निलो अनि रातो हुने पनि यो रोगमा देख्न सकिन्छ । उपचारमा जिवनशैलीमा केही परिवर्तन र औषधीहरुको सहयोग लिन सकिन्छ । यो रोग धेरै बिग्रेको खण्डमा अस्पतालमा भर्ना भइ उपचार गर्नुपर्ने हुन्छ । यसरी बाथरोग अनेकन किसिमका हुन्छन् । जसको समष्टी चर्चा सानो लेखमा सम्भव नै हुदैन । त्यसैले बाथरोगका कुनैपनि लक्ष्यण देखिने वित्तिकै विशेषज्ञ डाक्टरको गइ देखाइहाल्नु राम्रो हुन्छ ।

*(डा. शर्मा सिटि स्पेशियालिटी हेल्थ क्लिनिक सातदोबाटोमा कार्यरत छन् ।)*

# शिक्षा क्षेत्रको बजेट बढाउन मन्त्री पौडेलको लविङ

**मध्यान्ह संवाददाता**
काठमाडौं, १९ फागुन

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेल शिक्षा क्षेत्रको बजेट बढाउने लविङमा लागेका छन् । अर्थ मन्त्रालय आगामी आर्थिक वर्ष २०७९/८० को बजेट निर्माणमा लागेसँगै मन्त्री पौडेलले मन्त्रालयको बजेट बढाउन लविङ थालेका हुन् । गत आर्थिक वर्षभन्दा चालू आर्थिक वर्षमा शिक्षा क्षेत्रको बजेट ह्वात्तै घटेपछि बजेट बढाउन उनको सक्रियता बढेको हो ।

मन्त्री पौडेलले बिहीबार प्रधानमन्त्री शेर बहादुर देउवासँग शिक्षा क्षेत्रको बजेट बढाउने विषयमा छलफल गरे । छलफलमा आगामी आर्थिक वर्षमा संविधानले तोके बमोजिम शिक्षामा २० प्रतिशत बजेट पुर्‍याउने मन्त्री पौडेलले आग्रह गरेको उनको सचिवालयले जनाएको छ ।

'गतवर्ष कोभिडको कारणले बजेटको आकार पनि सानो भयो,' शिक्षा मन्त्री पौडेलले भने, 'यस वर्ष कोभिड महामारी कम छ, संविधानबमोजिम शिक्षामा बजेट बढाएर २० प्रतिशत बनाउनुपर्छ ।'

शिक्षा क्षेत्रमा चालू आर्थिक वर्षमा ११ प्रतिशत मात्र बजेट विनियोजन भएको थियो । संविधानमा शिक्षा क्षेत्रको बजेट देशको कुल बजेटको २० प्रतिशत हुनुपर्ने उल्लेख गरिएको छ ।



जवाफमा प्रधानमन्त्री देउवाले शिक्षा क्षेत्र आफ्नो पनि प्राथमिकताको क्षेत्र रहेको बताउँदै बजेट बढाउने आश्वासन दिए । यसअघि शिक्षा क्षेत्रको बजेट कुल बजेटको १७ प्रतिशतसम्म मात्र पुगेको स्मरण गर्दै प्रधानमन्त्री देउवाले यसका लागि थप गृहकार्य गर्न निर्देशन दिए ।

'यसअघि शिक्षा क्षेत्रको बजेट सबैभन्दा बढी १७ प्रतिशतसम्म पुगेको रहेछ,' मन्त्री पौडेललाई निर्देशन दिँदै प्रधानमन्त्री शेर बहादुर देउवाले भने, 'तपाईंहरूले पनि होमवर्क गर्नुस्, यसपटक गतवर्षको भन्दा शिक्षा क्षेत्रको बजेट बढ्छ ।'

भेटमा मन्त्री पौडेलले प्रमाणपत्र धितोमा राखेर ऋण दिने विषय बजेटमा हरेक वर्ष समावेश भए पनि कार्यान्वयनमा जटिलता रहेको जानकारी गराए । संघीय शिक्षा ऐन, उच्च शिक्षा ऐन लगायतका ऐनहरू ल्याउने सन्दर्भमा पनि प्रधानमन्त्रीसँग छलफल भएको छ ।

जवाफमा प्रधानमन्त्री देउवाले प्रमाण र ऋणको विषयमा आफूले नेपाल राष्ट्र बैंक, कृषि विकास बैंक र अर्थमन्त्रीसँगको छलफल गर्ने आश्वासन दिए । ऐनको सन्दर्भमा पनि प्रधानमन्त्री सकारात्मक देखिएको शिक्षा मन्त्रीको सचिवालयले जनाएको छ ।

'प्रधानमन्त्री देउवा शिक्षा ऐन ल्याउने विषयमा सकारात्मक देखिनुभएको छ,' प्रधानमन्त्रीलाई उद्धृत गर्दै शिक्षामन्त्रीको सचिवालयले भन्यो, 'यद्यपि ऐन सदनबाट ल्याउने कि अध्यादेशबाट ल्याउने भन्ने विषय थप छलफलपछि मात्र निचोडमा पुग्ने उहाँको भनाइ थियो ।'

नेपालमा अहिलेसम्म पनि २०२८ सालमा बनेको शिक्षा ऐन कार्यान्वयनमा छ । भेटमा मन्त्री पौडेलले सातै प्रदेशमा कम्तीमा एउटा मेडिकल कलेज र नमूना आवासीय विद्यालय स्थापना गर्ने, ७ सय ५३ स्थानीय तहमा प्राविधिक तथा बहुप्राविधिक शिक्षालय स्थापना गर्ने र तीन वर्षभित्र सामुदायिक विद्यालयहरूको भवन बनाइसक्ने योजनाको बारेमा पनि जानकारी गराएका थिए ।

# गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण



**पर्वत/मस**–पर्वतमा गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण शुरु गरिएको छ । जिल्लाका दुई नगरपालिका र पाँच गाउँपालिकामा परिचयपत्र वितरण गर्न शुरु भएको हो । गरिबीको रेखामुनि परेका परिवारहको तथ्याङ्क सङ्कलन गरी उनीहरुलाई परिचयपत्र वितरण गर्न थालिएको स्थानीय तहले जनाएका छन् ।

अहिले जिल्लाका सातवटै स्थानीय तहमा गणक तथा सुपरिवेक्षक परिचालन गरिएको छ । भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयले सो कार्य शुरु गरेको हो ।

गरिब परिवार पहिचान गरी उनीहरुलाई राज्यको तर्फवाट राहत प्याकेज सहयोग गर्ने उद्देश्यले तथ्याङ्क सङ्कलन गर्न थालिएकोले सही र सत्य विवरण सङ्कलन गर्नुपर्नेमा जोड दिइएको छ ।

यसको मूल्याङ्कन तथा अनुगमनको जिम्मा जिल्ला समन्वय समितिले पाएको छ । गाउँपालिकाको कार्ययोजना अनुसार गणक तथा सुपरिवेक्षक पाँच महिनासम्म फिल्डमा खटिएर तथ्याङ्क सङ्कलन गर्ने जिल्ला समन्वय अधिकारी सुरेश ढकालले जानकारी दिए ।

स्थानीय तहहरुले मातहतका बासिन्दालाई सही तथ्याङ्क टिपाउन आग्रह गरेका छन् । उनीहरुले जति धेरै सत्यतथ्य सूचना सङ्कलन भयो त्यतिनै धेरै राज्यलाई सहजता र प्रत्यक्ष गरिब परिवारलाई राहत पुग्ने भएकाले झुटा विवरण नदिन आग्रह गरिएको मोदी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत किसानबहादुर क्षेत्रीले बताए ।

पर्वत जिल्लाभर परिचालन हुने ४१ जना गणक तथा सुपरिवेक्षकलाई जिससले तालिमसमेत दिइसकेको छ ।

# मतदाता सङ्ख्या एक लाख ५० हजार थपिए

**बैतडी/मस**– बैतडीमा करिब २५ हजार मतदाता थपिएका छन् । जिल्ला निर्वाचन कार्यालयका अनुसार २४ हजार ६४९ मतदाता थपिएका हुन् । विसं २०७४ को स्थानीय तहको निर्वाचनका बेला एक लाख २५ हजार ३१९ मतदाता रहेकामा हाल त्यो सङ्ख्या बढेर एक लाख ४९ हजार ९६८ पुगेको हो ।

सदरमुकामस्थित दशरथचन्द नगरपालिकामा सबैभन्दा बढी २२ हजार १६८ मतदाता रहेका कार्यालय प्रमुख माधव फुयाँलले जानकारी दिए । यस्तै पुर्चौडी नगरपालिकामा २१ हजार ७८, पाटन नगरपालिकामा १९ हजार ९९९ र मेलौली नगरपालिकामा १३ हजार ६९३ मतदाता छन् ।

जिल्लाको दोगडाकेदार गाउँपालिकामा १४ हजार ९४७, डिलाशैनी गाउँपालिकामा १३ हजार ३३०, सिगास गाउँपालिकामा १२ हजार १८७, सुर्नया गाउँपालिकामा ११ हजार ४३४, पञ्चेश्वर गाउँपालिकामा ११ हजार २२२ र शिवनाथ गाउँपालिकामा नौ हजार ९१० मतदाता रहेका जनाइएको छ । ती मतदाताले आगामी वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनमा मतदान गर्न पाउनेछन् ।

# चार करोडको सुन्तला निकासी

**म्याग्दी/मस**–बेनी बजारसँगै रहेको पर्वतको जलजला गाउँपालिका-१ बाँसखर्कबाट चार करोड रुपैयाँको सुन्तला निकासी भएको छ ।

पुरै गाउँबाट दुई लाख ८६ हजार किलोग्राम सुन्तला निकासी भएको बाँसखर्कका कृषक आबद्ध बजारमारे सुन्तला कृषि सहकारी संस्थाले जनाएको छ ।

संस्थाका अध्यक्ष जगतबहादुर खत्रीले यसपाली प्रतिकिलो १४० का दरले रु चार करोड मूल्य बराबरको सुन्तला निकासी भएको जानकारी दिए ।

उनले भने, 'गत वर्षकोभन्दा २० देखि २५ प्रतिशतले उत्पादन बढ्यो । भाउ पनि राम्रो पाइयो ।' उनका अनुसार बाँसखर्कमा बसोबास गर्ने २६१ मध्ये २०० घरले २५ हजार बोट सुन्तलाखेती गरेका छन् ।

सडक सुविधासँगै सुन्तलाले सहजरुपमा बजार र उचित मूल्य पाउन थालेपछि सुन्तलाखेती विस्तारमा लागेका हुन् ।

एक कृषकले वर्षमा १५ लाखसम्मको सुन्तला बेचेर आम्दानी गर्छन् । मकै, कोदो खेती हुने पाखोबारी र खरबारीमा सुन्तलाखेती गरेका छन् । कृषक रुद्रबहादुर खत्रीले यसपाली रु आठ लाख मूल्य बराबरको सुन्तला बिक्री गरेको बताए ।

'फल र गुणस्तर राम्रो भएकाले विदेशको विकल्पमा यही सुन्तलाखेती गरेको छु', भने, 'अनुकूल हावापानी, भूगोल, राम्रो उत्पादन र मूल्यका कारण बाँसखर्कमा सुन्तलाखेती फस्टाएको छ ।'

बेनी, कुश्मा, बागलुङ, पोखरा, काठमाडौं, चितवन, जनकपुर, वीरगञ्जलगायत सहरबाट बगैंचामा आएका व्यापारीले अग्रिम पैसा दिएर सुन्तला खरिद गरेका कृषक ख्यामबहादुर खत्रीले बताए ।

देशका अन्य ठाउँको सुन्तला बिक्री भइसकेपछि माघदेखि बाँसखर्कका सुन्तला बजार पठाउन थालिएको थियो ।

बगैंचा व्यवस्थापन र झरेका दानाको सुरक्षित व्यवस्थापन गरेकाले यसपाली सुन्तलाको उत्पादन बढेको कृषक शिवबहादुर खत्रीले बताए । बाँसका घारी मात्रै हुने भएकोले 'बाँसखर्क' नामकरण भएको यो गाउँभर हाल सुन्तलाको जङ्गल नै भएको छ । पछिल्ला दुई दशकयता यहाँका किसानले अपनाएको व्यवसायीकरण, सुन्तलामा लाग्ने रोग, किराको निदान, उन्नत जातका बिरुवाको विस्तारलगायतका कारणले सुन्तला उत्पादन बर्सेनी बढ्दै गएको छ ।

यहाँबाट विस्थापित पनि सुन्तलाको आम्दानीका कारण गाउँमै फर्किन थालेका हुन् । सिँचाइ बाँसखर्कको सुन्तलाखेतीका लागि प्रमुख आवश्यकता देखिएको छ । बाँसखर्क प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको सुन्तला जोनमा समेटिएको छ । तर जोनबाट पकेटको जस्तो पनि सुविधा नपाएको कृषकले गुनासो गरेका छन् ।


## कतारमा रोजगारको अवसर | कम्पनी : LUSAIL HOSPITALITY AND SERVICES
शहर: DOHA

पूर्व स्वीकृत मितिः२०७८/११/१८ | चलानी नं.: ६०१७५३२५ | LT. No.:258780

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant Cook | 2 | 0 | स. काममा दक्ष | 2000 | ६६,३८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Carpenter | 3 | 0 | | 1700 | ५६,४२३ | | | | | | | |
| 3. | Driver | 1 | 0 | | 1400 | ४५,०६६ | | | | | | | |
| 4. | Electrician | 3 | 0 | | 2000 | ६६,३८० | | | | | | | |
| 5. | Gardener | 2 | 0 | | 1400 | ४५,०६६ | | | | | | | |
| 6. | Gen Clean Worker | 10 | 5 | | 1200 | ३९,८२८ | | | | | | | |
| 7. | Gen Technician | 3 | 0 | | 2000 | ६६,३८० | | | | | | | |
| 8. | Ground Steward | 3 | 2 | | 1700 | ५६,४२३ | | | | | | | |
| 9. | Labourer | 3 | 0 | | 1200 | ३९,८२८ | | | | | | | |
| 10. | Manager | 1 | 0 | | 6000 | १,९९,१४० | | | | | | | |
| 11. | Mason | 3 | 0 | | 1500 | ४९,७८५ | | | | | | | |
| 12. | Painter | 5 | 0 | | 1200 | ३९,८२८ | | | | | | | |
| 13. | Plumber | 3 | 0 | | 1500 | ४९,७८५ | | | | | | | |
| 14. | Supervisor | 3 | 3 | | 2500 | ८२,९७५ | | | | | | | |
| 15. | Upholsterer | 1 | 0 | | 2000 | ६६,३८० | | | | | | | |
| 16. | Washing Worker | 4 | 4 | | 1200 | ३९,८२८ | | | | | | | |
| 17. | Welder | 1 | 0 | | 1700 | ५६,४२३ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालयमा २०७८ फागुन २७ गते (11 March 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

HABTOOR INTERNATIONAL PVT. LTD.
GPO Box: 261, Basundhara-29, Kathmandu (गंगाहरी सदन भवनको चौथो तला)
Govt. Lic. No. 1147/073/74
Tel: 01-4973377, 4983377 | Mob.: 9801159352, 9801059552, 9801059553
E-mail : jobsinhabtoor@gmail.com, Web: www.habtoorinternational.com

## मलेशियामा रोजगार
१. कम्पनी : MOEM HOLDINGS SDN BHD
शहर: MALAYSIA

पूर्व स्वीकृत मितिः २०७६/१२/०६ | चलानी नं.: ६०१५३६३२ | LT. No.: 235239 | पूनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Workers | 33 | 0 | स. काममा दक्ष | 1200 | ३४,५६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी : BENOM HEIGHTS HYDROPONICS SDN.BHD.
शहर: MALAYSIA

पूर्व स्वीकृत मितिः २०७६/१०/१४ | चलानी नं.: ६०१५०६७६ | LT. No.: 231555 | पूनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Farm General Worker | 15 | 0 | स. काममा दक्ष | 1200 | ३३,६५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ फागुन २७ गते (11 March 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

सोसियल इम्प्लाइमेन्ट सर्भिसेज प्रा. लि.
धुम्बाराही, काठमाडौं, नेपाल, फोन : ०१-४५२७०५८
श्रम इजाजत नं.: ६७८/०६३/०६४
Email : info@sesnepal.com, gsesnepal@gmail.com, Website. www.sesnepal.com
Mobile: 9851128516,9819779867,9815379921, 9851071724

## SAUDI मा रोजगार | कम्पनी: FLAME CANDLE WASHER FOR LAUNDRY
शहर: DAMMAM

पूर्व स्वीकृत मितिः २०७८/०८/१४ | चलानी नं.: ६०१६९१२० | L.T. No.: 251476 | पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factor | 1 | 0 | स. काममा दक्ष | 1200 | ३८,६५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ फागुन २७ गते (11 March 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

फेमस ह्युमन रिसोर्सेज प्रा. लि.
कोटेश्वर-३२, तिनकुने, काठमाडौं, नेपाल, फोन: ५१९९५००, ५१९९७००
Email: info@famoushr.com, famoushr545@gmail.com
श्रम इजाजत नं. ५४५/०६१/०६२


## श्री लालीगुराँस बहुउद्देश्यीय सहकारी संस्था लि.
(ललितपुर जिल्ला, ललितपुर म.न.पा. वडा नं. ३, पुल्चोक)

### कर्जा चुक्ता गर्न आउने बारेको १५ दिने अत्यन्त जरूरी सुचना

प्रथम पटक प्रकाशित मिति :२०७८/११/२०

यस संस्थावाट तपसिलमा उल्लेखित ऋणीहरुले व्यवसायिक प्रयोजनको लागि लिएको कर्जाको यस संस्थासंग गरेको सम्झौता बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने सावाँ, ब्याज र अन्य दस्तुर आदी नतिरी नबुझाई संस्थासँग गरेको कर्जा सम्बन्धी शर्त बन्देजहरु उलंघन गर्नु भएको तथा पटक पटक मौखिक तथा लिखित रुपमा तर ताकेता गर्दा समेत चुक्ता नगरेकाले मिति २०७८/०३/१८ र मिति २०७८/०७/१० गते गतेको नागरिक राष्ट्रिय दैनिक पत्रिकामा २१ दिने सुचना प्रकाशित गरी सम्पुर्ण साँवा, व्याज लगायत अन्य दस्तुर चुक्ता गर्न अनुरोध गर्दा समेत आजका मिति सम्म उक्त कर्जाको साँवा, व्याज तथा अन्य दस्तुर चुक्ता गर्ने तर्फ कुनै चासो नदेखाई वेवास्था गरि बसेको हुँदा, यस संस्थाको ऋण लगानी तथा असुली सम्वन्धी विनियमावली तथा सहकारी ऐन नियमावली अनुसार ऋणी तथा व्यक्तिगत जमानी बस्ने सदस्यको फोटो सहितको १५ दिने सुचना प्रकाशित गरिएको छ। यस सुचना प्रकाशित मितिले १५ दिन भित्र संस्थालाई बुझाउनु पर्ने बाँकी रहेको सम्पुर्ण रकम (साँवा, व्याज, र अन्य दस्तुर) समेत चुक्ता गर्नुहोला। अन्यथा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ तथा यस संस्थाको ऋण लगानी तथा असुली सम्वन्धी विनियमावली अनुसार ऋणी तथा व्यक्तिगत जमानी बस्ने व्यक्तिहरुको चल अचल सम्पत्तीहरुबाट र कानुन बमोजिम निजहरुको घर घरानाबाट समेत असुल उपर गरिने व्यहोरा सुचनाद्वारा जानकारी गराईन्छ।

**तपशिल**

| सि. नं. | ऋणीको ठेगाना तथा तिनपुस्ते विवरण/ऋणीको फोटो | ऋणीको ठेगाना तथा तिनपुस्ते विवरण/जमानीको फोटो | कर्जा शिर्षक |
|---|---|---|---|
| १. |  नेपाल सरकारको कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७२/०५/१५ गते दर्ता नं.१३९४३३/०७२/०७३ र पान नं ६०३५३३३१२ भएको साविक बागमती अञ्चल ललितपुर जिल्ला चापागाउँ गा.वि.स. वडा नं. ५ ( हाल बागमती प्रदेश ललितपुर जिल्ला गोदावरी न.पा. वडा नं. १०) मा अवस्थित अजम्बरी निमार्ण कम्पनी प्रा.लि. को तर्फबाट आवश्यक कागजपत्रमा हस्ताक्षर गर्न अख्तियार प्राप्त साविक बागमती अञ्चल ललितपुर जिल्ला चापागाउँ गा.वि.स. वडा नं. ५ (हाल बागमती प्रदेश ललितपुर जिल्ला गोदावरी न.पा. वडा नं. १०) मा जन्मस्थान भई हाल सोही स्थानमा बसोबास गर्ने श्री भिमनाथ आचार्यको नाति श्री गोविन्द प्रसाद आचार्यको छोरा (ना.प्र.नं. ५/३७७ जि. ललितपुर ) वर्ष ४९ को श्री ऋषि कुमार आचार्य। |  साविक बागमती अञ्चल ललितपुर जिल्ला झरुवारासि गा.वि.स. वडा नं. ७ ( हाल बागमती प्रदेश ललितपुर जिल्ला गोदावरी न.पा. वडा नं. १३) मा जन्मस्थान भई हाल सोही स्थानमा बसोबास गर्ने श्री तेज बहादुर थापाको नाति श्री राम शरण थापाको छोरा (ना.प्र.नं. ८८३३१, जि. ललितपुर) वर्ष ४७ को श्री दिवाकर थापा। | व्यापारिक कर्जा |
| २. |  नेपाल सरकारको वाणिज्य विभागमा मिति २०५९/०७/०८ गते दर्ता नं. ६०६६६/०५९/०६० र पान नं. ५००१८७६५६ भएको साविक बागमती अञ्चल काठमाण्डौं जिल्ला गोकर्णेश्वर गा.वि.स. वडा नं. ०४, जोरपाटी (हाल बागमती प्रदेश काठमाण्डौं जिल्ला गोकर्णेश्वर न.पा. वडा नं. ३, जोरपाटी) मा अवस्थित श्रीकृष्ण हार्डवेयर एण्ड मेशिनरी कन्सर्न बाट आवश्यक कागजपत्रमा हस्ताक्षर गर्न अख्तियार प्राप्त साविक बागमती अञ्चल नुवाकोट जिल्ला बिदुर न.पा. वडा नं. ८ (हाल बागमती प्रदेश नुवाकोट जिल्ला विदुर न.पा. वडा नं. ८) मा जन्मस्थान भई साविक बागमती प्रदेश काठमाण्डौ जिल्ला काठमाण्डौं म.न.पा. वडा नं. ७, चावहिलमा बसोबास गर्ने श्री गणेश प्रसाद रिजालको नाति श्री झंक प्रसाद रिजालको छोरा (ना.प्र.नं. २५७९०, जि. नुवाकोट) वर्ष ४८ को श्री श्रीकृष्ण रिजाल। |  साविक बागमती अञ्चल काठमाण्डौं जिल्ला बालुवा गा.वि.स. वडा नं. ०४ (हाल बागमती प्रदेश काठमाण्डौं जिल्ला गोकर्णेश्वर न.पा. वडा नं. १, बालुवा) टोलमा जन्मस्थान भई साबिक बागमती प्रदेश काठमाण्डौं जिल्ला काठमाण्डौ म.न.पा. वडा नं. ७, चावहिलमा बसोबास गर्ने श्री झंक प्रसाद रिजालको बुहारी श्री कृष्ण प्रसाद भण्डारीको छोरी श्री श्रीकृष्ण रिजालको श्रीमती (न.प्र.नं. १२५२३, जि. काठमाण्डौं) वर्ष ४८ को श्रीमती सरिता भण्डारी । | व्यक्तिगत जमानत कर्जा |
| ३. |  साविक नारायणी अञ्चल बारा जिल्ला कलैया गा.वि.स. वडा नं. १४, रामनज्ञगर ( हाल प्रदेश नं. २ बारा जिल्ला कलैया उप.म.न.पा. वडा नं. ११) टोलमा जन्मस्थान भई हाल बागमती प्रदेश ललितपुर जिल्ला ललितपुर म.न.पा. वडा नं. ३, सानेपामा बसोबास गर्ने श्री मुन्सीराम कोचरको नाति श्री जनकराज कोचरको छोरा (ना.प्र.नं. ३३३०५५/८५, जि. बारा) वर्ष ६० को श्री अरूण कुमार कोचर । |  साविक बागमती अञ्चल ललितपुर जिल्ला ललितपुर उप.म.न.पा. वडा नं. ३, पुल्चोक (हाल बागमती प्रदेश ललितपुर जिल्ला ललितपुर म.न.पा. वडा नं ३, पुल्चोक मा बसोबास गर्ने श्री जनकराज कोचरको बुहारी श्री अरूण कुमार कोचर को श्रीमती वर्ष ५७ को श्रीमती ममता कोचर । | व्यक्तिगत जमानत कर्जा |
| ४. |  साविक बागमती अञ्चल ललितपुर जिल्ला ललितपुर उप.म.न.पा. वडा नं ०३, पुल्चोक (हाल बामगती प्रदेश ललितपुर जिल्ला ललितपुर म.न.पा. वडा नं. ०३, पुल्चोक) टोलमा जन्मस्थान भई हाल सोही स्थानमा बसोबास गर्ने श्री सिलाल महर्जनको नाति श्री कृष्ण महर्जनको छोरा (ना.प्र.नं. ३त८४७२ जि. ललितपुर) वर्ष ३५ को श्री सुमन महर्जन । |  साविक बागमती अञ्चल ललितपुर जिल्ला सैबु गा.बि.स (हाल बामगती प्रदेश ललितपुर जिल्ला सैंबु न.पा.) मा जन्मस्थान भई हाल हाल बामगती प्रदेश ललितपुर जिल्ला ललितपुर म.न.पा. वडा नं. ०३, पुल्चोकमा बसोबास गर्ने श्री सिलाल महर्जनको बुहारी श्री लाल बहादुर महर्जनको छोरी श्री कृष्ण महर्जनको श्रीमती (ना.प्र.न. ३१७२१, जि. ललितपुर) वर्ष ५८ को श्रीमती भवानी महर्जन । | व्यक्तिगत जमानत कर्जा |
| ५. |  साविक सगरमाथा अञ्चल सिराह जिल्ला माउर गा.वि.स. वडा नं. ६ (हाल प्रदेश नं. २ सिराह जिल्ला सिराह न.पा. वडा नं ६) मा जन्मस्थान भई हाल बागमती प्रदेश ललितपुर जिल्ला ललितपुर म.न.पा. वडा नं. ३, पुल्चोकमा बसोबास गर्ने श्री हिरालाल यादवको नाति श्री धनिकलाल यादवको छोरा (ना.प्र.नं. ८५५/४, जि. सिराह) वर्ष ४४ को श्री ध्रुव नारायण यादव। |  साविक सगरमाथा अञ्चल सिराह जिल्ला माडर गा.वि.स. वडा नं. २ (हाल प्रदेश नं. २ सिराह जिल्ला सिराह न.पा. वडा नं २) मा जन्मस्थान भई हाल बागमती प्रदेश काठमाण्डौं जिल्ला काठमाण्डौं म.न.पा. वडा नं. १०, नयाँ बानेश्वरमा बसोबास गर्ने श्री सानाई यादवको नाति श्री राम औतार यादवको छोरा (ना.प्र.नं. ८५७, जि. सिराहा) वर्ष ४१ को श्री चन्देश्वर यादव । | व्यक्तिगत जमानत कर्जा |

# पन्ध्रदिने मिथिलामध्यमा परिक्रमा शुरु



**जनकपुर/मस**–मिथिलाञ्चलमा प्रसिद्ध मिथिला मध्यमा परिक्रमा बिहीबारदेखि शुरु भएको छ। प्रत्येक वर्ष फागुण शुक्लपक्ष प्रतिपदाका दिनदेखि मिथिला मध्यमा परिक्रममा शुरु हुने चलन छ।

धनुषाको मिथिला बिहारी नगरपालिका- ८ स्थित ऐतिहासिक महत्वको मिथिला बिहारी मन्दिरबाट झाँकी र कीर्तनसहित मिथिलामध्यमा परिक्रमाका लागि डोला उठेको मन्दिरका महन्थ रामनरेश दासले जानकारी दिए।

जनकपुरधामबाट धनुषाधाम जाने मार्गमा पर्ने मिथिला बिहारी मन्दिरबाट मिथिला बिहारी अर्थात भगवान रामको डोलालाई जनकपुरधामस्थित हनुमानगढी मन्दिरमा पुऱ्याइनेछ। परिक्रमाका क्रममा १५ दिनसम्म डोलालाई जनकपुरधामबाट कल्याणेश्वर हुँदै फुलहर, मठिहानी, जलेश्वर, मडई, ध्रुवकुण्ड, कञ्चनवन, क्षीरेश्वरनाथ (पर्वत्ता), धनुषाधाम, सतोषर (मिथिलेश्वरनाथ), अउढी, करुणा, बिसौल र फेरि कल्याणेश्वरसम्म पुऱ्याउने परम्परा रहेको महन्थ दासले जानकारी दिए।

उक्त डोला फागुपूर्णिमाको दिन जनकपुरधाम फर्किएर नगरको पाँचकोसे अन्तगह परिक्रमा गरी समाप्त हुने उनको भनाइ छ। नेपाल र भारतबीचको धार्मिक सांस्कृतिक एवं पारम्परिक सद्भावका प्रतीक बनेको परिक्रमाका क्रममा श्रद्धालुहरुले १३५ किलोमिटर पैदल यात्रा गर्ने जनाइएको छ। श्रद्धालुको लागि नेपालको धनुषा र महोत्तरीको १३ तथा भारतको दुई गरी १५ विश्रामस्थलमा अन्न क्षेत्र घोषणा गरेर साधुसन्त तथा भक्तजनलाई निःशुल्क भोजन गराउने चलन रहेको छ। पडावस्थलमा स्वास्थ्य, विजुलीबत्ति, भोजनलगायत व्यवस्थापनमा सहयोग गर्दै आएका वृहत्तर जनकपुर क्षेत्र विकास परिषदले यस पटक पनि विशेष सहयोग गर्ने तयारी गरेको वृहत्तर जनकपुर क्षेत्र विकास परिषद्का प्रमुख कार्यकारी निर्देशक बलराम ठाकुरले जानकारी दिए।

**दाङ डायरी**
राम प्रसाद सुवेदी/मध्यान्ह

# जेष्ठ नागरिक संघ बबईको भवन निर्माण गरिने

जेष्ठ नागरिक संघ बबईको भवन निर्माण गरिने भएको छ। जेष्ठ नागरिक संघ बबईका अध्यक्ष शिवलाल भुषालको अध्यक्षतामा बिहीबार सम्पन्न बैठकले जेष्ठ नागरिक संघको दिवा सेवा तथा बैठक सञ्चालनका लागि भवन निर्माण गर्ने निर्णय गरेको हो।




बैठकले भवन निर्माणका लागि जग्गा उपलब्ध गराएकोमा हापुरे शहीदगेट नजिकै रहेको भगवान शिव मन्दिर ब्यवस्थापन समितिलाई धन्यवाद दिँदै चन्द्र बहादुर वलीको अध्यक्षतामा ७ सदस्यीय भवन निर्माण समिति समेत गठन गरेको छ।

समितिको उपाध्यक्षमा बुद्धिकला खड्का, कोषाध्यक्षमा बोम बहादुर खड्का, सचिवमा दिपेन्द्र बहादुर डागी क्षेत्रीलाई चयन गरेको छ।

समितिको सदस्यहरुमा लाल बहादुर वि.क, डिल्ली बहादुर खड्का र बेदप्रसाद भण्डारीलाई चयन गरेको छ।

साथै बैठकले शिवलाल भुषालको संयोजकत्वमा ३ सदस्यीय भवन निर्माण अनुगमन समिति समेत गठन गरेको छ। समितिको सदस्यहरुमा दुर्गा भण्डारी र बेलमति खड्का रहेकी छन्। संघको भवन बबई गाउँपालिको माथिल्लो बजार शहीदगेट नजिकै रहेको शिव मन्दिर परिसर छेउमा बन्ने बताइएको छ।

# ९५ लाख डोज खोप भण्डारणमा

**विष्णुलक्ष्मी खरेल/मध्यान्ह**
काठमाडौं, १९ फागुन



नेपालमा ९५ लाख डोज खोप भण्डारणमा रहेको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ। हाल १२ वर्षमाथिका नागरिकलाई कोभिड १९ विरुद्धको खोप दिने अभियान जारी छ। मन्त्रालयका अनुसार १८ वर्षमाथिका १ करोड ९९ लाख २२ हजार १६४ जना र १२ देखि १७ वर्षसम्मका ३४ लाख ५ हजार ४५५ जना खोप लगाउन लक्षित जनसंख्या छ। त्यस्तै ५ देखि ११ वर्षसम्मका ४० लाख बालबालिका खोप लगाउने समूहमा पर्ने मन्त्रालयको आँकलन छ।

पछिल्लो तथ्यांकअनुसार हालसम्म कुल जनसंख्याको ७४ प्रतिशतले पहिलो डोज र ६०.२ प्रतिशतले पूर्ण खोप लगाएका मन्त्रालयले जनाएको छ।

खोप लिनेमा १८ वर्षमाथिका १ करोड ८२ लाख ६३ हजार ३०३ जनाले पहिलो र १ करोड ५७ लाख ५९ हजार ७०४ जनाले दुवै डोज खोप लगाएका छन्। त्यस्तै १२ देखि १७ वर्षसम्मका ३० लाख ६५ हजार ९३८ जनाले पहिलो डोज र १६ लाख ७३ हजार २६२ जना छन्। यसरी फागुन १८ गतेसम्म कुल ३ करोड ७२ लाख ६९ हजार ६६० डोज खोप लगाइएको छ।

नेपालमा हालसम्म विभिन्न देशहरूको अनुदान सहयोग र खरिदको गरी ४ करोड ७८ लाख ८२ हजार ८०० डोज खोप नेपाल भित्रिएको छ। पाँचदेखि ११ वर्षसम्मका बालबालिकालाई दिन सरकारले थप ८४ लाख डोज खोप ल्याउने तयारी गरिरहेको छ। स्वास्थ्यमन्त्री विरोध खतिवडाले यही मार्चभित्रमा सो खोप ल्याइसक्ने बताएका छन्। अमेरिकाले नेपाललाई ९२ लाख डोज फाइजर खोप अनुदान सहयोग गर्ने जनाएको छ।

त्यस्तै चीन सरकारले नेपाललाई थप ४० लाख डाज साइनोभ्याक खोप दिने प्रतिवद्धता जनाएको छ। टेकु र देशभरका कोल्डचेन गरी अहिले ९५ लाख डोज खोप भण्डारणमा रहेको शाखाप्रमुख सुरेन्द्र चौरासियाले जानकारी दिए।

टेकुमा २ देखि ८ डिग्री सेल्सियससम्मको कोभिड १९ विरुद्धको खोप भण्डारण गर्न ४१ हजार २५० लिटर क्षमताको कोल्डचेन छुट्याइएको छ। त्यस्तै माइनस ७० डिग्री सेल्सियससम्मको खोप एकपटकमा ३० लाख डोज राख्नसक्ने क्षमता छ। माइनस ७० डिग्री सेल्यिससम्मको खोप भण्डारणका लागि टेकुमा मात्रै फ्रिजर भएकाले प्रदेश र जिल्लामा पठाउँदा ३० दिनभित्र प्रयोग गरिसक्नुपर्ने हुन्छ।

घट्यो कोरोना संक्रमण

बिहीबार थप १०५ जनामा कोरोना भाइरस संक्रमण पुष्टि भएको छ। सो अवधिमा दुई हजार ४४८ जनाको पिसीआर परीक्षण गर्दा ७० जना र दुई हजार ४७६ जनाको एन्टिजेन परीक्षण गर्दा ३५ गरी सो संख्यामा संक्रमण पुष्टि भएको हो।

काठमाडौंमा १८, भक्तपुरमा दुई र ललितपुरमा पाँच गरी काठमाडौं उपत्यकामा २५ कोभिड संक्रमित थपिएका छन्। योसँगै काठमाडौं उपत्यकामा सक्रिय संक्रमितको संख्या दुई हजार २९० पुगेको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार ३२० कोरोना संक्रमणमुक्त भएका छन। त्यसैगरी हाल सात हजार ५१७ सक्रिय संक्रमित रहेका छन्। तीमध्ये सात हजार ३४९ होम आइसोलेशनमा रहेका छन् भने १६८ जना संस्थागत आइसोलेशनमा रहेका छन्।

कोरोनाका बिरामीमध्ये ६१ आइसीयु र नौ जना भेन्टिलेटरमा उपचाररत् छन्। हालसम्म नेपालमा कोरोना संक्रमितको संख्या ११ लाख १६ हजार ७६१ रहेको छ। नौ लाख ५७ हजार ८०८ संक्रमणमुक्त भएका छन्। पछिल्लो २४ घण्टामा तीनको मृत्यु भएसँगै नेपालमा मृत्यु हुनेको संख्या ११ हजार ९४३ पुगेको छ।

# शारिरीक अपांगता परीक्षण सम्बन्धि निःशुल्क घुम्ति शिविर सम्पन्न

दाङको बबई गाउँपालिको हापुरेमा १ दिने निःशुल्क घुम्ती शिविर सम्पन्न भएको छ।

बबई गाउँपालिका र विकलांग मित्र समूह अपांग बाल अस्पताल पुनर्स्थापना केन्द्र बनेपा काभ्रेको आयोजना तथा प्राथमिक स्वास्थ केन्द्र वडा नम्बर ४ हापुरेको समन्वयमा शारीरिक अपांगता परीक्षण सम्बन्धि घुम्ति शिविर सम्पन्न भएको हो।

बबई गाउँपालिका उपाध्यक्ष सावित्रा विश्वकर्माको अध्यक्षता तथा बबई गाउँपालिकाका अध्यक्ष भुवनेश्वर पौडेलको प्रमुख आतिथ्यता भएको उद्घाटन कार्यक्रममा अपाङ्ग मानवअधिकार सरोकार मञ्चका अध्यक्ष भविसरा घर्ति मगर, अपाङ्ग बाल अस्पताल तथा पुनर्स्थापना केन्द्रका होम राज केसी लगायतले मन्तव्य राखेका थिए। शिविरबाट ४७ जना १८ वर्षसम्मका शारिरीक अपांगता भएका बालबालिकाले स्वास्थ परिक्षण गराएका छन्। शिविरमा २ जनालाई वाकर, ३ जनालाई अर्थोपेडिक सायक सामग्री, ३ जनालाई गुड्ने मेच समेत प्रदान गरिएको छ।

७ जना बालबालिकालाई भर्ना मिति दिएर अप्रेशनका लागि अपाङ्ग बाल अस्पताल तथा पुनर्स्थापना केन्द्र बनेपामा रिफर गरिएको छ। रिफर गरिएका ७ जना ढाड, खुट्टा, हात र अन्य शारिरीक समस्या भएका बालबालिका रहेका छन्।

शिविरमा बबई गाउँपालिका महिला तथा बालबालिका शाखा प्रमुख इश्वरा रावत, बबई गाउँपालिकाका प्रेस संयोजक प्रेम बहादुर राम्जा,चिकित्सक, फिजोथेरापिस्ट, सहायक सामग्री प्राविधिक,नर्सिङ स्टाफ फार्मेसी, मेडिकल रेकर्ड आईटी, गाउँपालिकाका कर्मचारी, स्थानीय स्वयंसेवक, सिविआर कार्यकर्ता, सिविआर सुपरभाइजर लगायतको उपस्थिति रहेको थियो।

# महिला हिंसा न्यूनीकरण गर्न घर-घरमै सचेतना आवश्यक

**पोखरा/मस**- महिला हिंसा न्यूनीकरण गर्न घर-घर मै सचेतनाको आवश्यक रहेको पोखरामा आयोजित महिला हिंसासम्बन्धि सचेतना कार्यक्रममा बताइएको छ। अभियान युवा क्लब, अभियान महिला समूह, जिल्ला प्रहरी कार्यालय कास्की, सामुदायिक प्रहरी सेवा जिल्ला समन्वय समिति कास्की र सामुदायिक प्रहरी सेवा केन्द्र बैदामको संयुक्त आयोजनामा आज (बुधबार) भएको सचेतना कार्यक्रममा उक्त कुरा बताइएको हो।



पछिल्लो समय महिला हिंसाको स्वरूप परिवर्तन हुँदै बढ्दै गएकाले घरघरबाटै सचेतना जगाउनुपर्ने जिल्ला प्रहरी कार्यालय कास्कीका प्रहरी नायब निरीक्षक होत बहादुर रोकाहाले सचेतनामूलक प्रशिक्षणमा बताएका छन्। 'महिला भएकै कारण महिलामाथि दुर्व्यवहार हुने गरेको छ, यसलाई रोक्न प्रत्येक घरका सदस्यलाई सचेतना हुनु जरूरी छ', उनले भने। पछिल्लो समय बाल हिंसा र महिला हिंसाको रूप तिब्ररूपमा बढ्दै गएको उनको भनाई थियो। प्रशिक्षित महिलाहरूले प्रशिक्षणले महिला हिंसाका बारेमा धेरै कुरा जानिएको बताए। साथै उनीहरूले महिला हिंसालाई रोक्न सहयोग गर्ने प्रतिवद्धता जनाए।

पोखरा ५ जिरो किमीमा भएको कार्यक्रममा सामुदायिक प्रहरी सेवा केन्द्र बैदामका सुर्य बहादुर केसी, पार्बती रानाभाट, अभियान युवा क्लबका अध्यक्ष राजु गिरी, जिल्ला प्रहरी कार्यालयका भिम काफ्ले, एकल महिला समुह पोखरा वडा ५ की अध्यक्ष राजकुमारी थापालगाएत ३५ जना महिलाको उपस्थिति रहेको थियो। कार्यक्रममा स्वागत मन्तव्य अभियान महिला समूहकी निवर्तमान अध्यक्ष शर्मिला केसीले राखेकी थिइन् भने अध्यक्षता अभियान महिला समूहकी अध्यक्ष लक्ष्मी शर्माले गरेकी थिइन्।

# घाइते चितुवाको उद्धार



**मङ्गलबार/मस**-इलाममा फेला परेको घाइते चितुवाको उद्धार गरिएको छ। जिल्लाको माइजोगमाई-६ प्याङमा फेला परेको घाइते चितुवाको उद्धार गरिएको हो। एक खोल्सीमा चितुवा देखेपछि स्थानीयवासीले प्रहरीलाई खबर गरेका थिए।

प्रहरीले सव डिभिजन कार्यालय नयाँ बजारलाई जानकारी गराएपछि त्यहाँको आएको टोलीले बुधबार राति ती चितुवालाई उद्धार गरी डिभिजन वन कार्यालय इलाममा ल्याइएको थियो।

घाइते चितुवाको उपचार, पुनःस्थापनाका लागि कोसीटप्पु वन्यजन्तु आरक्षमा पठाइएको जिल्ला वन कार्यालय इलामका प्रमुख इन्द्रमणि भण्डारीले जानकारी दिए।

उनका अनुसार चितुवाको शरीरमा घाउसमेत देखिएको बताइएको छ। मानिसले नै घाइते बनाएको वा अन्य वन्यजन्तुले घाइते बनाएको सम्बन्धमा अनुसन्धान भइरहेको छ।

## नदीमा डुबेर दुई बालकको मृत्यु

**चितवन/मस**–नारायणी नदीमा पौडी खेल्न गएका दुई बालकको डुबेर मृत्यु भएको छ।

बिहीबार दिउँसो भरतपुर महानगरपालिका-३ स्थित नारायणी नदीमा पौडी खेल्न गएका उनीहरूको मृत्यु भएको हो।

जिल्ला प्रहरी कार्यालय चितवनका अनुसार मृत्यु हुनेमा भरतपुर महानगरपालिका-७ विकासचोक घर भएका १० वर्षीय बिदान गौतम रहेका छन्।

अर्का अन्दाजी ११-१२ वर्षीय बालकको परिचय खुल्न सकेको छैन। स्थानीयवासीले डुबेको अवस्थामा फेला पारी उद्धार गरी भरतपुर अस्पताल ल्याएका थिए। भरतपुर अस्पतालमा उपचारका क्रममा उनीहरुको मृत्यु भएको हो। उनीहरु नदी किनारमा जमेको पानीमा पौडी खेल्ने क्रममा डुबेका थिए।

**साउदीमा रोजगार** | १. कम्पनीः CONSTRUCTION CONVOYS CONTRACTING EST शहरः RIYADH

पूर्व स्वीकृत मितिः २०७८/११/१८ चलानी नं.: ६०१७५३२६ LT. No.: 258672

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम याइेग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor | 3 | 0 | स. काममा दक्ष | 1000 | ३२,२१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनीः KOKB ALKWAKB CONTRACTING EST शहरः RIYADH

पूर्व स्वीकृत मितिः २०७८/११/१८ चलानी नं.: ६०१७५२५३ LT. No.: 258778

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम याइेग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor | 2 | 0 | स. काममा दक्ष | 1000 | ३२,२१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनीः IBRAHIM SALAH AL-HARBI TRANSPORTATION EST. शहरःRIYADH

पूर्व स्वीकृत मितिः २०७८/१०/२३ चलानी नं.: ६०१७४१०० LT. No.: 257368 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Whole Vehicle Driver | 5 | 0 | स. काममा दक्ष | 2500 | ८०,५२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ फागुन २७ गते (11 March 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

Gov. Lic No. 1447/074/075
**Blaze Associates Pvt. Ltd.**
Dhumbarahi-4, Kathmandu, Tel: 4371913, 4372939, 9808906734
Email: bnnir@hotmail.com, blazenepal1447@gmail.com

**साइप्रसमा रोजगार** | कम्पनीः PRIVATE EMPLOYMENT AGENCY OPERATING LICENSE शहर : CYPRUS

पूर्व स्वीकृत मितिः २०७८/१०/१४ चलानी नं.: ६०१७३६७० LT. No.: 256998

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook Male | 7 | 4 | सम्बन्धित काममा दक्ष | 800 | १,७०,१३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Domestic Workers (Female) | 0 | 13 | | 315 | ४२,१८४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ फागुन २७ गते (11 March 2021) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. ४०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

इजाजत नं. ९२७/०६७/०६८
**सक्षम ह्युमन रिसोर्सेज प्रा.लि.**
३०५/२५ एशोर्य मार्ग, कोटेश्वर-३५, काठमाडौं ,नेपाल, फोनः 9813106163
Email: excelnp1@gmail.com, sakshamhr@gmail.com/ Website: www.shrnepal.com

**कतारमा रोजगार** | १. कम्पनी : IRIS CONSTRUCTION AND TRADING शहरः QATAR

पूर्व स्वीकृत मितिः २०७८/०४/१२ चलानी नं.: ६०१६०७१७ L.T. No.: 243211 पूनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 55 | 0 | सम्बन्धित काममा दक्ष | 1300 | ४२,६७९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Pipe Fitter | 20 | 0 | | 1500 | ४९,२४५ | | | | | | | |
| 3. | Machine Operator | 10 | 0 | | 2100 | ६८,९४३ | | | | | | | |
| 4. | Heavy Vehicle Driver | 10 | 0 | | 1900 | ६२,३७७ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ फागुन २७ गते (11 March 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

यसै कम्पनीको लागि Shovel Operator र Excavator को कतारी लाइसेन्स भएकाहरुको लागि माग भएकाले परामर्शको लागि सम्पर्क गर्नुहोला।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**STARIS HR SERVICES PVT. LTD.**
Basundhara, Kathmandu, Tel.: 01-5910250, 4370973, 4370762
CONTACT NO.: 9841669779, 9802311384

# पोखरा–धनगढी सिधा हवाई सेवा शुरू



**पोखरा/मस-** निजी क्षेत्रको बुद्ध एयरलाइन्सले बिहीबारदेखि पोखरा-धनगढी-पोखरासम्म सिधा हवाई सेवा शुरू गरेको छ। धनगढी विमानस्थलमा नेपाल एशोसिएशन अफ टुर्स एण्ड ट्राभल्स एजेन्ट (नाटा) सुदूरपश्चिमका पदाधिकारीले पोखराबाट धनगढीका लागि उडान भरेको पहिलो बुद्धएयरका १८ यात्रुलाई स्वागत गर्नुका साथै धनगढीबाट पोखरा जाने यात्रुलाई बिदाइ गरे ।

पोखरादेखि धनगढीसम्मको सिधा हवाई सेवा सुरू भएसँगै सुदूरपश्चिमका बासिन्दाले काठमाडौं हुँदै पोखरा जानुपर्ने बाध्यता हट्ने भई समय र पैसाको समेत बचत हुने देखिएको धनगढीस्थित बुद्ध एयर स्टेशनका प्रमुख बुधराम माझीले बताए ।

"पोखरा-धनगढी-पोखरासम्म आइतबार, बुधबार र शुक्रबार गरी हप्तामा तीन उडान भर्ने गरी हवाई सेवा दिन सुरू गरेका छौँ", माझीले भने, "यसले पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने विश्वास गरेका छौं ।" पर्यटन व्यवसायी मायाप्रकाश भट्टले पोखरा धनगढीसम्म हवाई सेवा सुरू भएसँगै सुदूरपश्चिममा आन्तरिक तथा बाह्य पर्यटक बढ्ने अपेक्षा गरिएको बताए ।

नाटा सुदूरपश्चिमका महासचिव पदमविक्रम सिंहले मुक्तिनाथ र पोखरा भ्रमण गर्न चाहने भारतीयका साथै आन्तरिक पर्यटकलाई समेत लक्षित गरी पोखरा-धनगढीको सिधा हवाई सेवा सञ्चालन गर्न बुद्धएयर सहमत भएको बताए । "अहिलेसम्म हामी पर्यटकका लागि काठमाडौंको मात्र प्याकेज बनाउन पाउँथ्यौं, सिधा हवाई सेवा सुरू हुँदा अब पर्यटकका लागि पोखराको पनि प्याकेज बनाउन पाउने भयौं", उनले भने, "यसले आन्तरिक पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने छ ।"

नाटा सुदूरपश्चिमले विगत केही वर्षदेखि नै पोखरा-धनगढीको सिधा हवाई सेवा सुरू गर्न विमान कम्पनीसँग आग्रह गर्दै आएको थियो । धनगढी विमानस्थलबाट काठमाडौं-धनगढी-काठमाडौंसम्म बुद्धएयरलगायतका निजी विमान कम्पनीले दैनिक हवाई सेवा सञ्चालन गर्दै आएका छन् ।

### ठूला दलभित्रको विभाजनले राप्रपा उत्साहित

# प्रकाशचन्द्र लोहनी भन्छन्– पार्टीमा निकै आकर्षण बढ्यो

**मध्यान्ह संवाददाता**
काठमाडौं, १९ फागुन ।



राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का पूर्वअध्यक्ष डा. प्रकाशचन्द्र लोहनीले ठूला दलका छलछामबाट वाक्क जनताले राप्रपाबाट विकल्प खोजेको, गुणात्मक परिवर्तन चाहेको बताएका छन् । बिहीबार राप्रपा केन्द्रीय समितिको बैठकलाई सम्बोधन गर्दै डा.लोहनीले राप्रपा वैकल्पिक शक्तिको रूपमा आओस् भन्ने जनताले चाहेको बताए ।

'राप्रपा वैकल्पिक शक्तिको रूपमा आओस् भन्ने जनचाहना छ, यो अतिरञ्जना होइन, जनता माझबाट आएको यथार्थ हो', बैठकलाई सम्बोधन गर्दै लोहनीले भनेका छन्, 'राप्रपाले महाधिवेशनपछि धेरै ठूलो फड्को मारेको छ ।'

कांग्रेस, एमाले र माओवादीको छलछाम र कामबाट वाक्क भएर राप्रपालाई जनताले आशाका साथ हेरीरहेको उनको भनाई छ । 'राष्ट्रवादी, प्रजातान्त्रिक छवी भएको राप्रपाबाट सुधार प्राप्त होस् भन्ने जनताले अपेक्षा लिएका छन्', लोहनीले भने, 'यो लहर, लहरले दिएको शक्ति सदा उपलब्ध नहुन सक्छ । त्यसकारण समयले दिएको शक्तिलाई साथ लिएर यसभन्दा माथि उठ्ने प्रयास गर्नु पर्दछ । यो अवस्था आन्तरिक सुझबुझ, एकता र आन्तरिक व्यवस्थापनबाट प्राप्त हुन्छ ।'

लोहनीले कार्यकर्तालाई स्थानीय तहको निर्वाचनमा पूर्ण तयारीका साथ लाग्न निर्देशन दिए । उनका अनुसार स्थानीय चुनाव राप्रपाको अनुकुलन बन्दै गएको छ । 'वातावरण हाम्रो पक्षमा छ, साथीहरु सक्रियपूर्वक लाग्नुपर्छ', बैठकलाई सम्बोधन गर्दै उनले भने ।

समसामयिक राजनीतिक विषयमा छलफल गर्न राप्रपाको बुधबारदेखि केन्द्रीय समिति बैठक बसेको थियो । बिहीबार सम्पन्न बैठकमा नेताहरुले समसामयिक राजनीतिक विषयका साथै स्थानीय निकायको निर्वाचनको विषयमा आ-आफ्नो धारणा राखेका थिए ।

# चाँदीसहित सशस्त्र प्रहरीद्वारा दुई जना पक्राउ

**कञ्चनपुर/मस-** कञ्चनपुरको बेलौरी नगरपालिका ७ स्थित मसानघाट ईलाकाबाट सशस्त्र प्रहरीले करिब २ लाख ५५ हजार रुपैयाँ बराबरको चाँदीसहित दुई जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरुमा सोही नगरपालिका ७ टेडिया बस्ने २६ वर्षीय महेश राना र पौलाह बस्ने २३ वर्षीय नविन चौधरी छन् ।

से ५ प ३५१५ नम्बरको मोटरसाइकलमा भारतबाट नेपालतर्फ आउँदै गरेका उनीहरुलाई सशस्त्र प्रहरी बल, नेपाल बिओपी बेलौरीबाट खटिएको सशस्त्र प्रहरीले शंका लागि जाँच गर्दा उनीहरुको साथमा करिब २ केजी १ सय ६६ ग्राम चाँदी फेला पारेको हो । त्यसवेला उक्त

मोटरसाईकल समेत बरामद गरिएको छ ।

पक्राउ परेका दुवै जनालाई बरामद चाँदी तथा मोटरसाइकलसहित आवश्यक कारबाहीको लागि नेपाल प्रहरीलाई बुझाइएको छ ।

# गाँजासहित दुई जना प्रहरी नियन्त्रणमा



**काठमाडौं/मस-** बारा जिल्लाको विश्रामपुर गाउँपालिका ३ स्थित सीमा ईलाकाबाट सशस्त्र प्रहरीले करिब ५ केजी गाँजासहित दुई जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरुमा भारतको पूर्वी चम्पारण ग्रामपञ्चायत रतनपुर घर बताउने १८ वर्षीय श्रीराम कुमार र सुशिल कुमार छन् । बी.आर. ०५ एफ ३९५१ नम्बरको भारतीय मोटरसाइकलमा नेपालबाट भारततर्फ जाँदै गरेका उनीहरुलाई सशस्त्र प्रहरी बल नेपाल बिओपी बरैनियाबाट खटिएको सशस्त्र प्रहरीले शंका लागि जाँच गर्दा उनीहरुको साथमा करिब पाँच केजी गाँजा फेला पारेको हो । उक्त मोटरसाइकल समेत बरामद गरिएको प्रहरीले जनाएको छ ।

पक्राउ परेका दुवै जनालाई बरामद गाँजा तथा मोटरसाईकलसहित आवश्यक कारबाहीको लागि नेपाल प्रहरीलाई बुझाइएको छ। यसैगरी सशस्त्र प्रहरी बल नेपाल बिओपी बेनौलीबाट खटिएको सशस्त्र प्रहरीले करिब १५ केजी गाँजा बरामद गरेको छ । नेपालबाट भारततर्फ लैजाँदै गरेको अवस्थामा उक्त गाँजा सशस्त्र प्रहरीले बारा जिल्लाको रामनगर स्थित सीमा ईलाकाबाट बरामद गरेको हो । त्यसवेला

उक्त गाँजा लैजाँदै गरेका व्यक्ति गस्तीमा खटिएको सशस्त्र प्रहरीलाई टाढैबाट देख्नासाथै सो गाँजा फालेर फरार भएका थिए ।

# वैशाख ३० गतेका निर्वाचनमा विगतलाई समीक्षा गरेर मतदान गरौँ : महामन्त्री शर्मा




**भक्तपुर/मस–**नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले आगामी वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनमा उमेर पुगेका प्रत्येक व्यक्तिलाई मतदानमा सहभागी हुन आह्वान गरेका छन् ।

मध्यपुरथिमि-४ बालकुमारीमा बिहीबार नेपाली कांग्रेस मध्यपुरथिमि नगर समितिले आयोजना गरेको प्रथम नगर सम्मेलनको उद्घाटन गर्दै उनले राजनीतिदेखि विरक्तिएर भोट हाल्न जान्न भन्ने मानसिकता नराख्न युवा वर्गलाई आग्रह गरे ।

उनले भने, 'म एक जनाले भोट नदिएर के हुन्छ र ? जसलाई भोट दिए पनि यस्तै हो, म भोट दिन जान्न भन्ने सोचाइ पहिलोपटक भोट हाल्न जाने युवा वर्गमा आउन सक्छ । जस्तोसुकै अवस्था आए पनि मतदान गर्ने अधिकार प्रयोग गर्नुस्, तर मतदान गर्ने बेलामा एकपटक गम्भीर भएर सोच्नुस्, यसअघिको सरकारको समीक्षा गर्नुस्, अहिले कांग्रेस सरकार आएपछिको पनि समीक्षा गर्नुस्, मतदान गर्नुस् ।'

पाँच वर्षका लागि चुनाव जिते को नेकपाले सरकार चलाउँदा केपी शर्मा ओलीले अब ५० वर्ष नेकपाको सरकार भन्ने तर तीन वर्ष पनि सर कार चलाउन नसक्ने भन्दै उनले ओ लीले अहिले पनि दादागिरी प्रस्तुत गरे को टिप्पणी गरे ।

महामन्त्री शर्माले भने, 'हुन त ठूलो पार्टीका अध्यक्ष, प्रधानमन्त्री भइसकेका मान्छे, अझै मिडियासँग अन्तर्वार्ता दिँदै हातका औंला हल्लाउँदै ओलीजी भन्नुहुन्छ, 'एक्लै-एक्लै आऊ, नसके सबै मिलेर आऊ, एमाले भिड्न तयार छ', यो कस्तो दादागिरी शब्द चयन हो ?' जनताले स्थिरतर र बलियो सरकार चाहिरहेको बेलामा एमालेलाई फेरि बहुमत दिए पाँच वर्ष सरकार चलाउन सक्छ भन्ने विश्वास अब नभएको उनले बताए ।

नेकपाकै सरकार रहेको बे लामा पुष्पकमल दाहाल 'प्रचण्ड' र माधवकुमार नेपालले बूढानीलकण्ठमा गएर सरकार बुझाएपछि देशका लागि कांग्रेसले सरकारको नेतृत्व गर्नुपरे को उनको भनाइ थियो । 'आज पनि बूढानीलकण्ठ गा'को छ, भोलि पनि त्यहीँ गा'को छ, हो न हो पानीमाथि सुतिरहनुभएको बूढानीलकण्ठको दर्शन गर्न जानुभयो होला भनेको त, उहाँहरु त सुतिरहेको बूढानीलकण्ठभन्दा अलि तल बसिरहेको बूढानीलकण्ठमा पो धाएर हजुर सरकार चलाइदिनुपर्‍यो भनेर सरकार बुझाउन पो जानु भएको रहेछ', महामन्त्री शर्माले भने, 'यदि जनताले बहुमत नै दिए पनि बूढानीलकण्ठमा लगेर सरकार बुझाउनुपर्छ भने सिँधै कांग्रेसलाई नै रोजे भैगयो नि !'

उनले एमालेतर्फ लक्षित गर्दै सिंहदरबारमा ढङ्ग नपुग्दा र समृद्धिको भात पकाउन परिपक्वता नहुँदा काँचो बनेको टिप्पणी गर्दै कांग्रेसले कुनै पनि विषयमा राष्ट्रघात नगने बताए । एमसिसी राष्ट्रघात हो भन्ने कुरा बेकार हो भन्दै उनले कांग्रेसले कहिल्यै राष्ट्रघात गर्न नसक्ने बताए । कुनै पनि देशको सैन्य रणनीति नेपाललाई स्वीकार्य नहुने बताउँदै उनले एमसिसीमा सैन्य रणनीति नरहेको प्रष्ट पारे ।

'बानेश्वरको सडकमा एमसिसी मूर्दावाद भनेर कराउने युवाहरूको दोष छैन, फेसबुकमा नो एमसिसी लेख्नेको दोष छैन, जसले यो एमसिसी पास हुनेबित्तिकै अमेरिकी सेना आउँछ भनेर प्रचार गरे । यो यस्तो हो, उस्तो हो भनेर भ्रम फैलाए, दोष उनीहरूको हो, द्वैध चरित्र देखाउने नेताहरूको हो', उनले भने, 'कमरेड प्रचण्ड र माधव नेपाल अहिले सहमत हुनुभयो । तर, उहाँहरू नै हो, बालुवाटारमा सहमति गरेर बानेश्वरमा जुलुस लगाउने पनि । उहाँहरूले नै पहिले राष्ट्रघाती भनेर भ्रम फैलाउनुभयो । अहिले उहाँहरू नै यसको पक्षमा हुनुहुन्छ ।'

एमाले अध्यक्ष ओली आफैँले मन्त्रिपरिषद्बाट निर्णय गराएर एमसिसी सम्झौता संसद्मा दर्ता गराउनुभएको हो भन्दै उनले संसद्मा नाराबाजी गरिरहँदा कुनै पनि दिन एमसिसी मूर्दावाद नभन्नु, एमसिसीका बारेमा बोल्दै नबोल्नु एमालेको पनि एमसिसीमा समर्थन थियो भन्ने पुष्टि हुने भनाइ राखे ।

चुनाव अगाडि एमसिसी राष्ट्रघात हुने र चुनावपछि राष्ट्रहित हुन्छ भन्ने पक्षमा कांग्रेस नरहेको भन्दै महामन्त्री शर्माले भने, 'कांग्रेसलाई चुनावपछि मात्रै एमसिसी पास गरौं भन्ने प्रस्ताव आएकै हो, ए बाबा, अहिले पास गर्दा राष्ट्रघाती हुने, चुनावपछि गर्दा र ाष्ट्रघाती नहुने यो कस्तो कुरा हो ? र ाष्ट्रघात हो भने त चुनावअघि गरे पनि पछि गरे पनि राष्ट्रघात नै हो । त्यसैले कांग्रेसले राष्ट्रघात हुने काम गर्दैन ।'

## नौमूले गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**नौमूले, दैलेख**
**कर्णाली प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृतको आशयपत्रको सूचना

**(प्रकाशित मितिः २०७८/११/२०)**

नौमूले गाउँपालिकाबाट चालु आ.व. २०७८/०७९ मा संचालन हुने संघीय सरकारको समपुरक अनुदान अन्तर्गतको भावसैनि, कागते, निरगा हुँदै भाँडे द्वारी सम्म जोड्ने सडक (ठेक्का नंः NCB/NRM/06/BKNHDSJS/078/079) निर्माण कार्यको लागि मितिः २०७८/१०/१२ गते (सूचना नं. ०२/०७८-०७९) प्रभाव राष्ट्रिय दैनिक र सार्वजनिक खरीद अनुगमन कार्यालयको वेबसाईटः www.bolpatra.gov.np/gep मा प्रथम पटक प्रकाशित बिद्युतिय बोलपत्र (EGP) आव्हानको सूचना अनुसार रित पुर्वक दर्ता हुन आएका बोलपत्रहरुको मूल्यांकनमा तपशिल फर्महरुको बोलपत्र न्यूनतम मूल्याङ्कित भई सारभूत रुपमा प्रभावग्राही देखिएको र बोलपत्र फारममा माग भए अनुसारको Eligibility Criteria तथा Qualification Requirement पुरा गरेको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ (पछिल्लो संशोधन) को दफा २७ को उपदफा २ बमोजिम सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| योजनाको विवरण | फर्मको नाम र ठेगाना | न्यूनतम मूल्याङ्कित कबोल रकम (मु.अ. कर सहित ) | कैफियत |
|---|---|---|---|
| बोलपत्र नं.: NCB/NRM/06/ BKNHDSJS/078/079 भावसैनि, कागते, निरगा हुँदै भाँडे, द्वारी सम्म जाड्ने सडक, नौमूले गाउँपालिका वडा नं. २ बालुवाटार, दैलेख | पि. एस. कन्स्ट्रक्सन, बिरेन्द्रनगर-२, सुर्खेत | रु. २८,८०,३३८।७२ /- (अक्षरमाः अट्ठाईस लाख असि हजार तिन सय अड्तिस रुपैयाँ बहत्तहर पैसा मात्र ।) | |

**बोधार्थ**
१. सत्यवति निर्माण सेवा, बिरेन्द्रनगर-८, सुर्खेत

**प्रमुख प्रशासकिय अधिकृत**
**नौमूले गाउँपालिका, दैलेख**

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०७८/११/२०**

**पब्लिक च्वाइस अन्लाईन सपिङ प्रा.लि.** को मिति २०७८/११/०८ गते बसेको विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **इक्स्पोनेन्ट मल्टिप्रपोज प्रा.लि. (प्रा.लि.नं.:२३१९८३)**, कायम गर्ने गरी मिति २०७८/११/१५ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**प्रदेश सरकार**
**लुम्बिनी प्रदेश**
**पर्यटन, ग्रामीण तथा शहरी विकास मन्त्रालय**
**खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, बाँके**

### सच्चाईएको

मिति २०७८/११/१८ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित **फिटिङ्ग खरिद सम्बन्धी बोलपत्र आव्हानको सूचना** मा **प्रदेश सरकार, लुम्बिनी प्रदेश, पर्यटन, ग्रामीण तथा शहरी विकास मन्त्रालय, खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, बाँके** हुनुपर्नेमा अन्यथा भएकोले सम्बन्धित सबैमा यसै सूचना मार्फत सच्चाइएको व्यहोरा जानकारी गर्दछौं ।

## Itahari Sub-Metropolitan City
## Office of the Municipal Executive
## Itahari, Sunsari

### Invitation for Bids

**First Date of Publication: 2078/11/20 (4th March 2022)**

1. Itahari Sub-Metropolitan City Office of the Municipal Executive, Itahari Sunsari invites NCB (1S2E) from eligible domestic bidders for the Contracts named below.

| S. N. | Contract Identification Number | Work/Description | Average Annual Construction Turnover | Minimum Work experience of similar size and nature | Bid Price | Bid Validity Period | Bid Security Amount (Nrs.) | Remarks |
|---|---|---|---|---|---|---|---|---|
| 1 | ITR/NCB/51W/ 078/079 | Construction of Janata Secondary School Building, Itahari-6, Sunsari | 37,235,000.00 | 29,785,000.00 | 10,000.00 | 120 days | 12,15,000.00 | Single Stage Double Envelope |

2. Bidder Shall have the option of submitting their bids electronically only. Submission of Hard Copy bids shall not be entertained.
3. Matters not Covered in the notice shall be accordance with prevailing rules and regulation of GoN.
4. Any amendments in this Tender notice will be posted in the notice board of Itahari Sub-Metropolitan City, Office of the Municipal Executive or may Visit PPMO e-GP System at **www.bolpatra.gov.np/egp.**

**Chief Administrative Officer**

# एमसीसीविरुद्ध संयुक्त जनआन्दोलनले बृहत् विरोधसभा गर्ने




**काठमाडौं/मस–**
अमेरिकी सहयोग परियोजना एमसीसी सम्झौताविरुद्ध संयुक्त जनआन्दोलनले काठमाडौंमा बृहत विरोधसभा गर्ने भएको छ। रिपोर्टर्स क्बल नेपालमा बिहीबार पत्रकार सम्मेलन गर्दै जनआन्दोलनले एमसीसीविरुद्ध काठमाडौंको इन्द्रचोकमा फागुन २३ गते साढे १ बजे हुने विरोध सभामा सहभागी हुन आह्वान गरेको छ। संयुक्त जनआन्दोलनले एमसीसी सम्झौता खारेज नभएसम्म आन्दोलन जारी राख्ने पनि जनाएको छ।

पत्रकार सम्मेलनमा नेकपा मालेका नेता सिपी मैनालीले एमसीसी जनताको पक्षबाट असफल भएपनि संसदबाट स्वीकृत भएकोमा आपत्ति जनाए। उनले भने,'सत्तागठबन्धनमा भएका सबै पार्टीहरुको सहमति र प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले)को सहयोगमा एमसीसी अनुमोदन गरिएको हो।'

अमेरिकाले कुनै पनि हालतमा एमसीसी सम्झौता संशोधन गर्न मन्जुर नभएको पटक-पटक जानकारी दिँदै आएको र व्याख्यात्मक टिप्पणीको अन्तराष्ट्रिय अर्थ नभएकोले जनताको आँखामा हाल्ने छारो मात्र भएको मैनालीले जिकिर गरे।

संसदबाट पास गरेको व्याख्यात्मक घोषणा पत्रलाई नेता मैनालीले कथित व्याख्यात्मक घोषणाको संज्ञा दिए। इन्टरनेशनल कानुन अनुसार व्याख्यात्मक घोषणाको कुनै अर्थ नहुने पनि उनले जिकिर गरे। उनले एमसीसी नेपालको हित विपरित जाने, संविधानभन्दा माथि हुने कुनै पनि दोष र प्रावधान सबै मुक्त भए भनेर दलहरुले व्याख्यात्मक घोषणा अनुमोदन गरेको पनि केही दोष नगएको उनको भनाइ थियो। 'महाकाली सन्धी गर्दा पनि ४ बुंदे सकल्प गरेर त्यसको दोष हटाइयो भनिए पनि अहिलेसम्म कार्यान्वयन भएको छैन,' नेता मैनालीले भने, 'नेपालको सार्वभौमसत्तामाथि असर गर्ने कुनै पनि दोषहरु हटाइएको छैन। जस्ताको तस्तै छ, जनताको आँखामा छारो मात्र हालिएको हो।'

व्याख्यात्मक घोषणासहित संसदबाट जनताले विरोध गर्दागर्दै पनि पारित गरिएको उनले बताए। स्वस्थ र सैद्धान्तिक ढंगले संसदबाट एमसीसी पारित नगरिएको उनले आरोप लगाए। नेपालले एमसीसी सम्झौता अनुमोदन गरेकोमा खुशी हुँद व्याख्यात्मक घोषणालाई अमेरिकाले 'नोट' गरेको जानकारी दिएपनि कुनै अर्थ नहुने उनले स्पष्ट पारे।

राष्ट्रघाती धेरै काम भएको भन्दै उनले एमसीसी सम्झौता फेरी थपिएको बताए। नयाँ चरणको शुरु भएको बताए। प्राविधिक तरिकाले पारित गरेपनि अझै केही नभएको भन्दै शशक्त रुपमा विरोध गर्न फागुन २३ गते दिउँसो १ बजे इन्द्रचोक पुगी विरोध सभालाई सफल पार्न सबैलाई अपिल गरे।

संयुक्त राष्ट्रिय जनआन्दोल मोर्चाका सह-अध्यक्ष विष्णु भट्टराईले एमसीसी कम्प्याक्ट प्रतिनिधि सभाबाट प्राविधिक रुपले अनुमोदन भएको बताए। उनले सम्झौतामा भएको १२ बुंदाको ६ को ८ मा एमसीसीको हैसियतको बारेमा बताउँदै एमसीसीको कारण नेपालमा हुने हानीको कुनै पनि दायित्व अमेरिकाले बहन नगर्ने उनले स्पष्ट पारे। उनले नेपाली कसैको मृत्यृ भएमा पनि अमेरिकालाई दोष लगाउन नपाइले बताए। उनले भने,'एमसीसी भित्र हुने कुनै कुरामा अमेरिका दोषी हुँदैनन्, उनीहरुलाई दोष लगाउन मिल्दैन।' एमसीसी सम्झौता नेपालको कानुन भन्दा माथि भएको उनले जिकिर गरे। व्याख्यात्मक टिप्पणीले अन्य समस्या निम्त्याउने सक्ने उनले बताए। १२ बुँदामा एमसीसीमा लेखेका शब्दलाई अन्य अर्थ लगाएर व्याख्या गर्न नपाइने पनि उल्लेख गरे। एमसीसीको सहायताले नेपालमा अर्थतन्त्रको बृद्धि गरिने भनिए पनि भनेको जस्तो केही नहुने उनको भनाइ थियो। अमेरिकाले एमसीसी नेपालले संसदबाट अनुमोदन गरेकोमा स्वागत गरेको तर व्याख्यात्मक टिप्पणीलाई भने स्वागत नगरको उनले स्पष्ट पारे। प्रतिनिधिसभामा जनताको प्रतिनिधिहरुले जनताको भावना नबुझेको उनको गुनासो थियो।

एमसीसीको कारण नेपालको सम्प्रभुता अमेरिकाको पोल्टामा पुगेको उनले आरोप लगाए। उनले एमसीसीको सवालमा प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले)को भुमिकालाई घटियाको संज्ञा दिए। नेपालले युक्रेनलाई समर्थन गरेको भन्दै उनले अमेरिकाको पक्षमा नेपालले युक्रेनलाई समर्थन गरेको उनले बताए।

उन्नत लोकतन्त्र पार्टीका अध्यक्ष स्वागत नेपालले केही वरिष्ठ अधिवक्ताहरु विदेशीको एजेण्ट बनेर व्याख्यात्मक टिप्पणी डाफ्ट गरेको बताए। उनले भने, 'कोही-कोही नेपाल बाहिर बसेर नेपालविरुद्ध गतिविधि गरिरहेका वरिष्ठ अधिवक्ताहरु भन्ने पनि छन्। तिनीहरुले यसको ड्राफ्ट नेपालमा पठाए। नेपालमा पठाएपछि पहिला अमेरिकाको सहमति लिएर अनि यसलाई फाइनालाइज्य गर्ने नाममा यस्को कोष्ठ तयार भयो।'

उनले अमेरिकाको सहमति लिएर निर्णय भएको टिप्पणी गरे। नेपालले भने, 'केही वरिष्ठहरुले पहिला अमेरिकाको सहमति लिएर नेपालमा व्याख्यात्मक टिप्पणीको फाइनालाइज्य गरेका हुन्। जेनेभा कन्भेन्सनले जसलाई गाइड गरेको छ त्यसको भाई प्रोडक्ट हो यो।'

अमेरिकाले अहिले यसको स्वागत नगर्नुको कारण रहेको भन्दै उनले व्याख्यात्मक टिप्पणी मान्दैनौ भन्नलाई समय कुरेको जिकिर गरे। उनले त्यो समयको साथसाथै आन्दोलन नभएर विद्रोह हुने पनि बताए। उनले भने,'विद्रोह र आन्दोलन फरक हुन्छ।'

एससीसीको लागि नेपालले विद्युत प्रसारण लाइन जोड्नको लागि भारतको अनुमति लिननपर्ने एमसीसीका पक्षमा वकालत गर्नेहरुले गर्दै आएको उनले सुनाए। नेताहरुले व्याख्यात्मक घोषणामा क लेखिएको तर ख बुझाइएको उनले उल्लेख गरे। कुनै शब्द व्याख्या गर्न मात्र व्याख्यात्मक टिप्पणी प्रयोग गर्न मिल्ने तर पुरै सम्झौतालाई गर्न नमिल्ने उनले तर्क गरे। एमसीसी आज अनुमोदन हुनुमा विरोधमा नउत्रने जनताको कारण भएको उनले धारणा राखे।

एमालेले गठबन्धनलाई एमसीसी पास गर नत्र गठबन्धन टुटाइदिन्छौ भनेको उनले उल्लेख गरे। अब एमसीसी सुरक्षा घेरा भित्र राखेरमात्र पास नहुने भन्दै उनले अब रक्तपात हुने पनि चेतावनी दिए। उनले एमसीएमा कार्यरत नेपालका कर्मचारीलाई १ हप्ता अफिस नजान अमेरिकाले आग्रह गरेको सुनाउँदै आवेदन माग गरिएकोमा कसैले पनि जागिरको लागि फर्म भर्न नहुने धारणा राखे। उनले भने, 'जसले जागिर खानुभएको छ उनीहरुले छाड्नु होला अब बिद्रोह सुरु हुँदैछ।' अब आन्दोलनको अन्त्य हुन लागेको भन्दै विद्रोह सुरु हुने बताए। एमसीएको लागि कोठा भाडा पनि नदिन सम्बन्धित स्थानका नागरिकहरुलाई समेत आग्रह गरे। इन्द्रचोकमा फागुन २३ गते हुने विरोध सभामा विशेष गरी काठमाडौं वासीन्दाहरुलाई साढे १ बजे उपस्थित हुन आग्रह गरे।

नेकपा माले, जनसमाजवादी पार्टी, नेपाल, संयुक्त राष्ट्रिय जनआन्दोलन मोर्चा, त्रिमुल नेपाल, उन्नत लोकतन्त्र पार्टी, नेकपा (संयुक्त), नेपाल सर्वहारा कम्युनिष्ट पार्टी (माओवादी), नेपालबाद पार्टी, राष्ट्रिय मुक्ति आन्दोलन, नेपाल राष्ट्रिय जनवादी पार्टी, नेशनल मुभमेन्ट नेपाललगायतका पार्टीहरुले एमसीसी विरुद्ध फागुन २३ गते विरोध कार्यक्रम गर्ने भएका हुन्। कार्यक्रममा सिर्जना वाग्लेले प्रेश विज्ञप्ती पढेर सुनाएकी थिइन्।

## मधेश प्रदेश

# सशस्त्र प्रहरी डीआइजीको सक्रियता, ३४ करोड बढीको अवैध सामान भन्सार दाखिला

**राजेन्द्र महतो/मध्यान्ह**
सिरहा, १९ फागुन



मधेश प्रदेश अन्तर्गतका जिल्लाहरुको सिमा नाकाहरुमा सशस्त्र प्रहरीले सक्रियता बढाएको छ।

मधेस प्रदेशका विभिन्न ८ जिल्लाहरुको सिमा क्षेत्रबाट हुने तस्करी नियन्त्रण एवं अवैध चोरी पैठारी रोकथामका लागि सशस्त्र प्रहरीले सक्रियता बढाएको हो।

सशस्त्र प्रहरी बल छिन्नमस्ता बाहिनी मुख्यालय मधेश प्रदेशलेचालु आर्थिक वर्ष २०७८/७९ को साउन महिनादेखि हालसम्म ३४ करोड ३८ लाख २० हजार २ सय ६ रुपैयाँ बराबरको अवैध सामान भन्सार दाखिला गरिएको छिन्नमस्ता बाहिनी मुख्यालयका बाहिनीपति सशस्त्र प्रहरी नायव महानिरीक्षक (डीआइजी) गणेशबहादुर ठाडा मगरले मध्यान्हलाई जानकारी दिए।

डीआइजी मगरका अनुसार छिन्नमस्ता बाहिनीबाट ४ करोड ५७ लाख ५१ हजार ८ सय ५ रुपैयाँ, पर्साबाट ९ करोड ४५ लाख, ६१ हजार ७ सय ९१, बाराबाट २ करोड १८ लाख ५५ हजार ५ सय ४१, रौतहटबाट ३ करोड ८४ लाख २९ हजार ६ सय ४८, सर्लाहीबाट ४ करोड ८२ लाख ४५ हजार ७ सय ३५, महोत्तरीबाट ३ करोड ४६ लाख २५ हजार ४ सय ७७, धनुषाबाट २ करोड ४९ लाख ६१ हजार ४ सय ७८, सिरहाबाट २ करोड ९५ हजार ६० र सप्तरीबाट १ करोड ५२ लाख ९३ अजनर ६ सय ७१ मूल्य बराबरको अवैध सामग्री भन्सार दाखिला गरिएको छ।

सोही समयमा छिन्नमस्ता बाहिनीले १ करोड १२ लाख ८५ हजार १ सय ९० रुपैयाँ बराबरको १ हजार १ सय ८५ वटा अवैध रुपमा भित्र्याइएका चौपाया पनि भन्सार दाखिला गरिएको डीआइजी मगरले बताए।

यस्तै सशस्त्र प्रहरीले १ करोड ७ लाख ९५ हजार ४ सय ४२ रुपैयाँ मूल्य बराबरको ३ हजार २ सय ११.३३ क्यूबिक फिट अवैध काठ पनि बरामद गरेको छ। सोही समयभित्र १२ लाख ८१ हजार ९ सय ६१ रुपैयाँ बराबरको ४२.२४० मिलिग्राम सून बरामद गरेको सशस्त्र प्रहरीले १४.७१८ किलोग्राम चाँदीका गहनासहित ४ जनालाई पक्राउ गरेको छ।

छिन्नमस्ता बाहिनीमा प्रमुखको रुपमा ठाडा मगरको आगमनपश्चात भन्सार छलीका सामग्री बरामद तथा भन्सार दाखिला गर्ने क्रम बढ्दै गएको छ।

# फेवाताल छेउका मानव मुर्ति को हुन् 'गोल्डेन म्यान'?

**रेशम अधिकारी/मध्यान्ह**
पोखरा, १९ फागुन



अगाडि गोल्डेन रङ्ग लगाएको हर्लेक्सको डब्बा, डब्बा भित्र केही पैसा र एउटा रातो गुलावको फूल। डब्बाको अगाडि गोल्डेन मानव मुर्ति जुन फेवाताल छेउको आकर्षणको केन्द्र बनेकोछ। पोखरा लेकसाइड घुम्न आएका पर्यटकहरु तस्बिर खिच्न र टिकटक बनाउन आतुर देखिन्छन्।

केही हलचल नगरी उभिरहेको देख्दा अधिकांशलाई मानिस मुर्ति हो भनी झुक्किनु स्वभाविक नै हो। तर यो दृश्य मुर्ति नभएर सामान्य मानिसको हो। उनी हुन्- शरीरमा सुन रंग (गोल्डेन कलर) लगाई बसेका ओखलढुंगाका अंकित शाही।

नेपालको प्रमुख पर्यटकीय स्थलको रुपमा रहेको पोखरामा केही नयाँ देखाउने इच्छा भएर ओखलढुंगाबाट अंकित पोखरा आए। उनी पोखरा आएको धेरै भएको छैन। एक महिना अघि मात्र यहाँ आएर बसेको अंकितको भनाइ छ। यो कला कसरी सिक्नुभयो भन्ने प्रश्नमा उनी भन्छन्,'निरन्तर प्रयास गर्दै जाँदा सबै कुरा गर्न सकें,' उनी थप्छन्,'यसरी उभिएर हलचल नगरी दिन बिताउनु मेरो आदत नै भइसकेको छ।' रोजगारीको शिलशिलामा भारत बस्दा उनले यो कला सिके। अंकितका शुरुवाती दिन त्यति सजिलो थिएनन्। १० मिनेट पनि एकै ठाँउमा बस्न गाह्रो हुन्थ्यो। हलचल नगरी उभिएर बस्दा शरीर काप्थ्यो।दिउँसो थकाइले बेलुका शरीर दुख्थ्यो। निद्रा लाग्थेन।तर, उनले प्रयास गर्न छाडेनन्। उनी भन्छन्,'सबैकुरा प्रयास गरेपछि गर्न सकिँदो रहेछ, हार मान्नु भएन, डरको अगाडि जित छ।'

भारतमै मुर्ति बनी बस्दा उनमा आफ्नो देशमा नै गएर कला प्रदर्शन गर्ने सोच आयो। नेपाली माटोले उनलाई फेरि बोलायो र कोभिड महामारीबीच देश फर्किए। भारतबाट फर्केपछि उनमा व्यवसाय गर्ने रन्को नचडेको पनि हैन। तर कोभिडले गर्दा देशमा लकडाउन भएपछि व्यवसाय गर्ने जोस पनि हरायो। त्यसपछि उनी पोखरा आए। उनी भन्छन्,'मैले आफ्नो कलालाई जिन्दगीसँग जोड्ने निधो गरेर पोखरा आएँ।'

त्यहाँ घुम्न आउने थुप्रैले उनीसँग फोटो मात्र खिच्दैनन्, उनको अगाडि राखिएको डब्बामा आफ्नो इच्छा अनुसार सहयोग पनि गर्छन्। त्यही सहयोगले अंकितको घरको चुलो बल्छ। आफुमा भएको कला प्रदर्शन गरेर जीन्दगी चलाउन सकेकोमा अंकित सन्तुष्ट छन्।

# सूचना प्रणाली सर्वसुलभ बनाइने



**कर्णाली/मस–**
जिल्ला प्रशासन कार्यालय सुर्खेतका प्रमुख जिल्ला अधिकारी खगेन्द्रप्रसाद रिजालले सूचना प्रणालीलाई छरितो र सर्वसुलभ बनाउने बताएका छन्।

सुर्खेतमा कार्यरत पत्रकार सञ्चारकर्मीसँगको बिहीबारको भेटघाट कार्यक्रममा उनले सूचना प्रणालीलाई विश्वसनीय, छिटो र सर्वसुलभ नबनाइ समाजमा शान्ति र अमनचयन कायम नहुने बताए।

उनले भने, 'सूचना तथा सञ्चारको छरितोपनले सम्भावित क्षति न्यूनीकरणमा सहयोग पुग्छ। यसमा प्रशासन, सुरक्षा निकायसहित सबैको भूमिका महत्वपूर्ण छ।'

नेपाल प्रहरी तथा सशस्त्र प्रहरी उपरीक्षकद्वय पदमबहादुर विष्ट र विमल डाँगीले शान्ति र सुशासन कायम गर्न पत्रकार हरूको ठूलो हात रहेको तर्क गरे। 'पत्रकारले लेखेको समाचारले समाजको मनोविज्ञान निर्माण हुन्छ', प्रहरी उपरीक्षकद्वयले भने, 'त्यसैले सुरक्षा संवेदनशीलतालाई ध्यानमा राखेर सकरात्मक समाचार सम्प्रेषण गर्न हामी आग्रह गर्दछौं।'

समाजमा अफवाह फैलाउने खालका समाचारले द्वन्द्व भड्किन सक्ने भएकाले यसमा सबैले सकरात्मक भूमिका खेल्न आग्रह गरिएको छ।

पत्रकारहरूले सम्भावित खतराका घटनामा प्रशासन, प्रहरी विवेकशील भएर लाग्न र गतिशील सूचना प्रवाह ध्यान दिन सके भौतिक तथा मानवीय क्षति हुनबाट बच्न सकिने सुझाव दिएका थिए।

साउदीमा रोजगारको अवसर | कम्पनी : Developer's Corner For Precision Industries
शहर: SAUDI

पूर्व स्वीकृत मितिः २०७८/११/१८ चलानी नं.: ६०१७५३४१ LT. No.: 258623

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ordinary Factor | 2 | 0 | स. काममा दक्ष | 1000 | ३२,२१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ फागुन २७ गते (11 March 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | रु. १०,०००/– कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

मेमोरियल ओभरसिज सर्भिसेज प्रा. लि.
श्रम इजाजत नं. १५६/०५६/०५७
गोंगबु-५, काठमाडौं, नेपाल, फोन: ४९५८७८६, ४९८५३७३

UAE मा रोजगार | कम्पनी: AL MISBAR EXTERNAL CLEANING SERVICES FOR BUILDINGS-L.L.C.
शहर: UAE

पूर्व स्वीकृत मितिः २०७८/०९/११ चलानी नं.: ६०१७१२२१ LT. No.: 254259 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 6 | 0 | सम्बन्धित काममा दक्ष | 900 | २९,६१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Commercial Sales Representative | 2 | 0 | | 1400 | ४६,०६० | | | | | | | |
| 3. | Director | 1 | 0 | | 2500 | ८२,२५० | | | | | | | |
| 4. | Insurance Agent | 4 | 0 | | 1200 | ३९,४८० | | | | | | | |
| 5. | Receptionist | 0 | 1 | | 1100 | ३६,१९० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ फागुन २७ गते (11 March 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

Target H.R. Solution Pvt. Ltd.
इजाजत पत्र नं. १३९७/०७४/०७५
Sinamangal-09, Kathmandu, Tel : 01-4116605 | P.O. Box: 3040
E-mail: targethrs2018@gmail.com | Web: Www.targethrs.com

साउदीमा रोजगारको अवसर | कम्पनी : AMARA AL FALAH CONTRACTING CO.
शहर : RIYADH

पूर्व स्वीकृत मितिः २०७८/०५/१५ चलानी नं.: ६०१६३३०३ LT. No.: 244430 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Buldozer Driver | 1 | 0 | सम्बन्धित काममा दक्ष | 2500 | ८०,५२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Concrete Pump Operator | 1 | 0 | | 2500 | ८०,५२५ | | | | | | | |
| 3. | Pan Road Machinery Driver | 1 | 0 | | 2500 | ८०,५२५ | | | | | | | |
| 4. | Truck Driver | 4 | 0 | | 1800 | ८०,५२५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ फागुन २७ गते (11 March 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

Work Force Services Pvt. Ltd.
श्रम ईजाजत पत्र नं. १७२/०५६/५७
Sinamangal-9, Airport, Kathmandu, Nepal
Tel.: +977-1-4469912, 4469913, 4469914, Fax : +977-1-4469915
E-mail : info@workforce.com.np, Website: www.workforce.com.np

मध्यान्ह
www.madhyanhadaily.com



# १० लाख युक्रेनी विस्थापित

**काठमाडौं/एजेन्सी–** रुसले आक्रमण थालेयता युक्रेनबाट १० लाखभन्दा बढी मानिस विस्थापित भएका छन् । संयुक्त राष्ट्रसंघका अनुसार युद्धबाट जोगिनका लागि १० लाखभन्दा बढी युक्रेनी छिमेकी देशहरुमा शरण लिन पुगेका हुन् । हप्ता दिनभित्रै यति ठूलो संख्यामा सर्वसाधारण विस्थापित भएका हुन्। रुसले गएको बिहीबार (फेब्रुअरी २४) मा युक्रेनमाथि आक्रमण थालेको हो । शरणार्थीसम्बन्धी संयुक्त राष्ट्रसंघीय उच्चायुक्त फिलिपो ग्रान्डीले ट्वीटमार्फत जारी गरेको वक्तव्यमा भनिएको छ, '१० लाख युक्रेनीले देश छोडेका छन् । युक्रेनमै रहेका दशौं लाखलाई मानवीय सहायता सामग्री प्रदान गर्नका लागि बन्दुक रोकिनुपर्छ ।' संयुक्त राष्ट्रसंघीय शरणार्थी नियोगले रुसी आक्रमणका कारण एक करोड २० लाखभन्दा बढी युक्रेनी विस्थापित हुने आंकलन गरेको छ । उनीहरुका लागि राहतको जोहो गरिनुपर्ने नियोगको भनाइ छ ।



युद्धबाट जोगिनका लागि सबैभन्दा धेरै युक्रेनी छिमेकी देश पोल्याण्ड पुगेका छन् । त्यहाँ पाँच लाखभन्दा बढी युक्रेनीले शरण लिएका छन्। यस्तै रोमानिया, स्लोभाकिया, हंगेरी, माल्डोभासहितका देशमा पनि ठूलो संख्यामा युक्रेनी पुगेका छन् ।

यता रूसी सेनाले युक्रेनको रणनीतिक रूपमा महत्त्वपूर्ण शहर खेरसन कब्जा गरेको न्यु योर्क टाइम्सले युक्रेनी अधिकारीहरूलाई उद्धृत गर्दै उल्लख गरेको छ । 'शहर घेरिएको छ,' खेरसनका मेयर इगोर कोलिखाएभले सो कुरा जनाएको युक्रेन मिडिया आउटलेट द किभ इन्डिपेन्डेन्टले बताएको छ । कोलिखाएभले भने कि दक्षिणी क्षेत्रीय राजधानीको स्थिति रूसी सेनाले शहरमा प्रवेश गरेपछि तनाबपूर्ण रहेको छ । क्रिमियन प्रायद्वीपको उत्तरपश्चिममा रहेको ३००,००० मानिसहरूको शहर खेरसनको पतन महत्वपूर्ण छ किनभने यसले रुसीहरूलाई युक्रेनको दक्षिणी तटीय क्षेत्रलाई नियन्त्रण गर्न र ओडेसा शहरतिर पश्चिमतर्फ धकेल्न अनुमति दिनेछन ।

बुधवार युक्रेनमा सर्वसाधारणको हताहतीको घटना बढेको छ । संयुक्त राष्ट्र संघले २२७ नागरिक मारिएको बताएको छ । एन वाइ टि का अनुसार, युक्रेन सरकारले शुरुमा नागरिकको मृत्युको संख्या २,००० भन्दा बढी उल्लेख गरेको थियो तर युक्रेनको आपतकालीन सेवा एजेन्सीले पछि त्यो संख्यालाई अनुमानित भन्दै कति मानिसहरू अझै पनि आगलागीमा परेको र भग्नावशेष हराइरहेका छन् भन्ने यकिन तथ्यांक बाहिर नआइसकेको जनाएको छ ।

## भारतमा थपिए छ हजार पाँच सय बढी संक्रमित



**काठमाडौं/एजेन्सी–** भारतमा पछिल्लो २४ घण्टामा ६ हजार ५६१ जना कोरोनाका नयाँ संक्रमित भएका छन् । यसैसँगै भारतमा कोरोना संक्रमितको कूल संख्या चार करोड २९ लाख ४५ हजार भन्दा बढी पुगेको केन्द्रीय स्वास्थ्य मन्त्रालयले बिहीबार जानकारी दिएको छ । सोही अवधिमा कोरोना संक्रमणको कारण १४२ जनाको मृत्यु भएको अधिकारीले जनाएका छन् । कोरोना शुरुभएबाट हालसम्म भारतमा कोरोनाबाट पाँच लाख १४ हजार ३८८ को मृत्यु भएको जनाइएको छ ।

भारतमा अहिले संक्रमित अवस्थामै रहेकाको सङ्ख्या ७२ हजार १५२ रहेको सङ्घीय स्वास्थ्य मन्त्रालयले जनाएको छ । यो संख्या कूल संक्रमितको ०.१८ प्रतिशत रहेको समाचारमा जनाइएको छ । भारतमा गत २४ घण्टामा १४ हजार ९४७ कोरोना भाइरस संक्रमण मुक्त भएका छन् । भारतमा कोरोना शुरु भएबाट हालसम्म चार करोड २३ लाख ५३ हजार ६२० कोरोना मुक्त भएका समाचारमा जनाइएको छ । कोरोना निको भएको यो दर ९८.६२ प्रतिशत रहेको समाचारमा जनाइएको छ ।

भारतमा सन् २०२१ को जनवरी १६ बाट कोरोनाविरुद्धको खोप अभियान शुरु भएको थियो । सो समयबाट हालसम्म भारतमा एक अर्ब ७८ करोड भन्दा बढी कोरोनाविरुद्ध खोपको डोज लगाइएको समाचारमा जनाइएको छ ।

## फ्रान्सद्वारा आफ्ना नागरिकलाई रुस छोड्न आग्रह

**काठमाडौं/एजेन्सी–** फ्रान्सले बिहीबार आफ्ना नागरिकहरूलाई युक्रेनमा मस्कोको आक्रमण र रुस र युरोपेली संघबीचको हवाई क्षेत्र बन्द गरेपछि उनीहरूको उपस्थिति आवश्यक नभएको खण्डमा रुस छोड्न कडा आग्रह गरेको छ ।



'रुसले युक्रेनमा गरेको आक्रमण र अन्तर्राष्ट्रिय प्रतिबन्ध लगाएको सन्दर्भमा हामीले आफ्नो सतर्कता बढाउनुपर्छ,' विदेश मन्त्रालयले आफ्नो वेबसाइटमा लेखेको छ । मन्त्रालयले फ्रान्सेली नागरिकहरुलाई रुसमा रहेको आफ्नो दूतावासको वेबसाइटमा फ्रान्सको लागि अप्रत्यक्ष उडानहरूको गैर-विस्तृत सूचीको लागि इयु सदस्य राष्ट्रहरूले रुसी विमान र सेवाहरूको लागि आफ्नो एयरस्पेस बन्द गरेपछि फ्रान्सले सो आग्रह गरेको छ ।

त्यहाँ धेरै कम उडानहरू रहेका र जो मानिसहरूसँग रुसमा रहन बिल्कुल आवश्यक कारण छैन उनीहरूले छोड्ने छनौट गर्नुपर्ने विदेश मन्त्रालयका प्रवक्ताले भनेका छन् । फ्रान्सेली सरकारले आफ्ना नागरिकहरूलाई रुसको कुनै पनि यात्रा स्थगित गर्न आग्रह गरेको छ ।

रुसका राष्ट्रपति भ्लादिमिर पुटिनले छिमेकी मुलुक युक्रेनमाथि गत फेब्रुअरी २४ देखि सैन्य आक्रमण शुरु भएको घोषणा गरेका थिए । टेलिभिजनबाट प्रत्यक्ष सम्बोधन गर्दै राष्ट्रपति पुटिनले युक्रेनको पूर्वीक्षेत्रमा आक्रमण केन्द्रित गरिएको र त्यो रुसको आत्मरक्षाका लागि भएको दाबी गरेका थिए । तर रुसी सेनाले राजधानी किभलगायत अन्य विभिन्न स्थानमा पनि आक्रमण गरेको पाइएको छ ।

आठ वर्षअघि १८ मार्च २०१४ मा युक्रेनको पूर्व-दक्षिण क्षेत्रमा अवस्थित सामरिक महत्वको क्राइमियालाई रुसमा गाभेको रुसले फेरि पूर्वीयुक्रेनका डोनबास क्षेत्र, डोनेस्क, लुहान्स्कलाई केही दिनअघि स्वतन्त्र राज्य घोषणा गरेको थियो ।


**Qatar मा रोजगार** | १. कम्पनी: DOHA MARKETS ENTERPRISES WLL शहर: DOHA

पुर्व स्वीकृत मितिः २०७८/०४/०५ चलानी नं.: ६०१६०३५५ L.T. No.: 242587 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 4 | 0 | स. काममा दक्ष | 1000 | ३३,१९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: HEPWORTH P.M.E. QATAR शहर: DOHA

पुर्व स्वीकृत मितिः २०७८/०७/३० चलानी नं.: ६०१६७७९० L.T. No.: 250875 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 3 | 0 | स. काममा दक्ष | 1000 | ३३,१९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ फागुन २७ गते (11 March 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

श्रम इजाजत पत्र नं.: ८९३/०६७/०६८
**अल- सहेली म्यानपावर प्रा. लि.**
पो.ब.नं.: २२४४, सामाखुसी-२६, टाउनप्लानिङ (श्रेष्ठ प्लाजा), काठमाडौं, नेपाल
फोन: ४३८७३७२, ४३८७७४०, फ्याक्स: ४३८७३२९, मो: ९८१८६१९७८०, E-mail : alsahelimanpower2010@gmail.com



**साउदीमा रोजगार** | कम्पनी : AL ENJAZ TRADING AND CONTRACTING COMPANY शहर: RIYADH

पूर्व स्वीकृत मितिः २०७८/०५/०१ चलानी नं.: ६०१६१५३७ Lt. No.: 243951 पूनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Scraper Driver grader | 2 | 0 | सम्बन्धित काममा दक्ष | 2500 | ८०,५२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Drenched Driver | 5 | 0 | | 2500 | ८०,५२५ | | | | | | | |
| 3. | Bull Dozer Driver | 5 | 0 | | 2500 | ८०,५२५ | | | | | | | |
| 4. | Leveling Mechanism Driver | 3 | 0 | | 2500 | ८०,५२५ | | | | | | | |
| 5. | Truck Driver | 37 | 0 | | 1800 | ५७,९७८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा गते २०७८ फागुन २७ गते (11 March 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**TOKIYO OVERSEAS PVT. LTD.**
Govt. License No.: 1307/074/075
Airport, Manpower Bazar, Road No. -2, Kathmandu, Nepal, Tel +977-1-4494008
E-mail: tokiyomanpower.2020@gmail.com | Web: www.tokiyooverseas.com.np
Mobile No.: 9802045672 (Surin Gautam) 9802045674 (Basanta Khatiwada)



**साउदीमा रोजगार** | कम्पनी : Sakhrat Baihan Contracting Establishment for its owner Muhammad Ali Al - Ahmari शहर: KSA

पुर्व स्वीकृत मितिः २०७८/११/१८ चलानी नं.: ६०१७५३३९ LT. No.:258696

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 2 | 0 | स. काममा दक्ष | 1800 | ५७,०९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालयमा २०७८ फागुन २०७८ गते (11 March 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. रु १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Pritam Employment Pvt.Ltd.**
Govt. Lic. No.: 1468/074/75
Sinamangal-9, Kathmandu (In Front of Airport Gate )
Tel No: + 9771-4112782 | Email: pritamemployment2018@gmail.com



**कतारमा रोजगारको अवसर** | कम्पनी: Higher Art Trading and Contracting शहर: DOHA

पूर्व स्वीकृत मिति: २०७८/११/१८ चलानी नं.: ६०१७५३२४ LT. No.: 258825

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 2 | 0 | स. काममा दक्ष | 1000 | ३३,१९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ फागुन २७ गते (11 March 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

